# माननीय आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१/८२ को

# बजेट वक्तव्य


बागमती प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

हेटौंडा, नेपाल



१ असार २०८१

**माननीय सभामुख महोदय,**

१. बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले यस गरिमामय प्रदेश सभामा नेपालको संविधानको धारा २०७ को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८१/८२ को आय व्ययको अनुमान प्रस्तुत गर्न उपस्थित भएको छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न समयमा भएका क्रान्ति, सशस्त्र आन्दोलन तथा जनआन्दोलनहरुमा प्राण आहूति गर्ने सहिद प्रति श्रद्धा सुमन अर्पण गर्दछु। लोकतन्त्र प्राप्ति तथा गणतन्त्र स्थापनाका क्रममा अग्रणी भूमिका निर्वाह गर्नुहुने व्यक्तित्व र आमजनसमुदायमा उच्च सम्मान गर्दै हार्दिक आभार प्रकट गर्दछु।

३. नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत प्रदेशका आर्थिक, सामाजिक एवं सांस्कृतिक विकासका उल्लेखनीय कार्यहरु हुँदै आइरहेका छन्। प्रदेश सरकार आर्थिक समृद्धि र विकासका आधारशीलाहरु निर्माण गर्न प्रदेशका अत्यावश्यक कानून निर्माण, संगठन संरचना र जनशक्ति व्यवस्थापनका कार्यहरु गर्दै **समृद्ध बागमती प्रदेश**को सोच पूरा गर्न क्रियाशील रहेको छ।

४. मुलुकको अर्थतन्त्रमा देखिएको शिथिलताको प्रभाव यस प्रदेशमा पनि परेकोले कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धि अपेक्षा अनुरुप हुन सकेको छैन। आर्थिक क्षेत्रमा देखिएको शिथिलताको समस्यालाई सम्बोधन गरी प्रदेशका नागरिकको विकास र समृद्धिको आकांक्षा पूरा गर्न उत्पादनमूलक क्षेत्रमा लगानी अभिवृद्धि गरी फराकिलो र उच्च आर्थिक वृद्धिमा जोड दिएको छु। यसबाट थप रोजगारी सिर्जना हुने र राजस्व परिचालनमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरेको छु।

५. **बागमती प्रदेशको रुपान्तरण, आर्थिक समृद्धि र समतामूलक समाज**को सोच सहितको दोस्रो आवधिक योजना बागमती सरकारले स्वीकृत गरेको छ। नागरिकको जीवनमा गुणस्तरीय परिवर्तन हासिल गर्ने उद्देश्य सहित तर्जुमा भएको प्रदेश आवधिक योजनालाई आत्मसात् गरी यो बजेट तर्जुमा गरेको छु।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दीर्घकालीन विकास लक्ष्य, पन्ध्रौं आवधिक योजनाको समीक्षा, नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य, प्रदेश आवधिक योजना, प्रदेश सरकारको नीति तथा कार्यक्रम, विनियोजन विधेयक २०८१ को सिद्धान्त र प्राथमिकता तथा प्रदेश सभाका

माननीय सदस्यहरूबाट प्राप्त सुझावलाई मार्गदर्शनको रूपमा लिएको छु। आम नागरिक, स्थानीय तह, राजनीतिक दल, जनप्रतिनिधि, विद्वत वर्ग, नागरिक समाज, निजी क्षेत्र एवं सञ्चारकर्मी लगायत सरोकारवालाबाट प्राप्त सुझावहरुलाई समेत बजेट निर्माणको आधार बनाएको छु।

**माननीय सभामुख महोदय,**

७. मुलुकमा संघीय प्रणाली लागु भई प्रदेश सरकार सञ्चालनमा आएपछि बागमती प्रदेशको आर्थिक तथा सामाजिक क्षेत्रमा उल्लेख्य उपलब्धिहरु हासिल भएका छन्। जसमध्ये हालसम्म भएका मुख्य उपलब्धिहरु र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको स्थिति संक्षिप्तमा राख्ने अनुमति चाहन्छुः

८. बागमती प्रदेशको आर्थिक वर्ष २०७५/७६ मा रु. १२ खर्ब ५९ अर्ब रहेको कुल गार्हस्थ्य उत्पादन चालु आर्थिक वर्ष २०८०/८१ मा रु. २० खर्ब ७५ अर्ब हुने अनुमान छ। प्रतिव्यक्ति आय अमेरिकी डलर २ हजार ३९ बाट बढेर २ हजार ४ सय ८४ पुगेको छ। प्रदेशको मानव विकास सूचकाङ्क ०.६४१ बाट बढेर ०.६६१ पुगेको छ। प्रदेशभित्र पाँच वर्ष माथिको साक्षरता दर ७५ प्रतिशतबाट बढेर ८२.१ प्रतिशत पुगेको छ। बहुआयामिक गरिबीको दर १२.२ प्रतिशतबाट ७ प्रतिशतमा झरेको छ।

९. विगत ५ वर्षमा बागमती प्रदेश सरकारको आय र व्ययमा निरन्तर वृद्धि भइरहेको छ। आन्तरिक राजस्व, बाँडफाँटबाट प्राप्त राजस्व, अनुदान र नगद मौज्दात समेतबाट आर्थिक वर्ष २०७५/७६ मा रु. ३३ अर्ब ७७ करोड आय भएकोमा आर्थिक वर्ष २०७९/८० मा रु. ७६ अर्ब ८४ करोड पुगेको छ। आर्थिक वर्ष २०७५/७६ मा रु. २० अर्ब ६५ करोड खर्च भएकोमा आर्थिक वर्ष २०७९/८० मा खर्च रु. ४६ अर्ब ८६ करोड रहेको छ।

१०. बागमती प्रदेश सरकार गठन पश्चात् आर्थिक वर्ष २०८०/८१ फागुन मसान्तसम्म बागमती प्रदेश सरकारले १ हजार ६८ किलोमिटर नयाँ सडक, ९ सय ७ किलोमिटर ग्रावेल सडक र १ हजार ४२ किलोमिटर कालोपत्रे सडक स्तरोन्नति गरेको छ।

११. आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धि ३.८७ प्रतिशत हुने अनुमान रहेकोमा यस प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसत भन्दा केही बढी ३.९६ प्रतिशत रहने अनुमान छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान १२ प्रतिशत, उद्योग क्षेत्रको योगदान १०.६ प्रतिशत र सेवा क्षेत्रको योगदान ७७.४ प्रतिशत रहेको छ।

१२. चालु आर्थिक वर्षमा कुल विनियोजनको ७७.१२ प्रतिशत खर्च हुने अनुमान रहेको छ। कुल विनियोजन मध्ये चालुतर्फ ८०.७९ प्रतिशत र पुँजीगत खर्चतर्फ ७५.५० प्रतिशत खर्च हुने संशोधित अनुमान छ। चालु आर्थिक वर्ष प्रदेश सरकारको राजस्व लक्ष्यको तुलनामा १०३.६६ प्रतिशत संकलन हुने अनुमान छ।

१३. प्रदेश सरकारको चालु आर्थिक वर्षको आर्थिक परिसूचक र तथ्याङ्क समावेश भएको आर्थिक सर्वेक्षण २०८०/८१ सम्मानित प्रदेश सभा समक्ष मिति २०८१ जेठ ३२ गते प्रस्तुत गरिसकेको छु।

**माननीय सभामुख महोदय,**

अब म प्रदेशको आर्थिक अवस्था र सार्वजनिक वित्तमा रहेका चुनौती र अवसर राख्ने अनुमति चाहन्छु।

१४. मुलुकको चालु आर्थिक वर्षको आर्थिक वृद्धि लक्ष्य अनुसार हुन नसक्दा समग्र अर्थतन्त्रको विकास र विस्तारमा गतिशीलता आउन सकेको छैन। जसले गर्दा प्रदेशको आयमा योगदान गर्ने प्रमुख क्षेत्रहरुबाट राजस्व संकलन न्यून हुन गएको छ। प्रदेशको राजस्व संकलनको प्रमुख क्षेत्रको रुपमा रहेको घर जग्गा रजिष्ट्रेशन शुल्क र सवारी साधन कर अनुमान अनुसार संकलन हुन नसक्दा संघीय सरकारको स्रोत माथिको निर्भरतामा कमी आउन सकेको छैन।

१५. विनियोजन कुशलतामा दक्षता वृद्धि हुन नसक्दा पुँजीगत खर्चको प्रगति न्यून हुन गएको, चालु खर्चलाई सन्तुलनमा राख्न नसकिएको र साना प्रकृतिका आयोजनाहरूको संख्या अत्याधिक हुन गएकोले एकातर्फ अपेक्षित प्रतिफल प्राप्त गर्न सकिएको छैन भने अर्कोतर्फ सार्वजनिक वित्त सन्तुलनमा चुनौती थपिएको छ। तसर्थ विनियोजन कुशलतामा दक्षता वृद्धि गर्दै सार्वजनिक वित्त सन्तुलन कायम गर्न आगामी वर्षदेखि पूर्वाधारतर्फका साना प्रकृतिका आयोजनाहरुको छनौटलाई व्यवस्थित गर्न कार्यविधि बनाइनेछ।

१६. सार्वजनिक वित्तमा सुधार गरी स्रोत परिचालनलाई प्रभावकारी बनाउन फजुल र अनुत्पादक खर्च नियन्त्रण गर्ने, प्रदेशको अनुदानलाई उत्पादनमा आधारित बनाउने र प्रदेशको कुल आयमा आन्तरिक आयको हिस्सा बढाउने चुनौतीहरू प्रदेश सरकार सामु विद्यमान रहेका छन्।

१७. बागमती प्रदेशले देशको कुल गार्हस्थ्य उत्पादनको ३६.३६ प्रतिशत हिस्सा ओगट्ने तथा उद्योग, व्यापार तथा सेवा लगायतका क्षेत्रमा समेत यस प्रदेशको प्रमुख योगदान रहेको

हुँदा प्रदेशसँग थप राजस्व परिचालनका अवसरहरु विद्यमान छन्। तसर्थ यस बजेटमा संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको कमी पूर्ति गर्न आन्तरिक आय वृद्धि गर्ने रणनीति सहित सार्वजनिक वित्त सन्तुलन कायम राख्न विशेष जोड दिएको छु।

**माननीय सभामुख महोदय,**

१८. अब म आर्थिक वर्ष २०८१/८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्य देहाय बमोजिम रहेका छन्:

क) कृषिको व्यवसायिकता र उद्यमशीलता विकास मार्फत उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्ने,

ख) सामाजिक तथा पूर्वाधार क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्ने,

ग) स्रोत साधनको प्रभावकारी उपयोग र परिचालन मार्फत आर्थिक असमानता न्यूनीकरण गर्ने,

घ) विनियोजन कुशलता वृद्धि गरी सार्वजनिक वित्तमा सन्तुलन कायम गर्ने,

ङ) सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने।

१९. बजेटले लिएका उक्त उद्देश्यहरु हासिल गर्नका लागि देहायका प्राथमिकताहरु तय गरेको छुः

क) कृषिको आधुनिकीकरण र व्यवसायीकरण,

ख) भौतिक पूर्वाधार र सामाजिक क्षेत्रको विकास,

ग) पर्यटन प्रवर्धन, उद्यमशीलता विकास र निजी क्षेत्रको उत्थान,

घ) वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन,

ङ) प्रदेशको संस्थागत सबलीकरण र सुशासन,

**माननीय सभामुख महोदय,**

आगामी आर्थिक वर्षको बजेटले लिएका उद्देश्य हासिल गर्न देहाय बमोजिमका सुधारका प्रस्तावहरु पेश गरेको छुः

२०. प्रदेशको सन्तुलित विकास एवं समृद्धिमा योगदान गर्न सक्ने रुपान्तरणकारी तथा उच्च प्रतिफलयुक्त ठूला आयोजनाको पहिचान गरी कार्यान्वयनमा लैजाने नीति लिएको छु।

२१. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना साउन मसान्तभित्र नै स्वीकृत गरी कार्यन्वयनमा ल्याइनेछ। उक्त कार्ययोजना कार्यान्वयनको अनुगमन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगबाट नियमित रुपमा गरिनेछ। स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने मन्त्रालय तथा निकायले भाद्र मसान्तसम्म कार्यविधि, निर्देशिका र मापदण्ड तयार गरी लागु गर्ने व्यवस्था मिलाएको छु।

२२. विनियोजन कुशलता र स्रोतसाधन परिचालनमा दक्षता अभिवृद्धि गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइनेछ। प्रदेश सरकारको सार्वजनिक खर्चमा मितव्ययीता हुने गरी आर्थिक अनुशासन कायम गरिनेछ।

२३. वित्तीय सुशासन कायम गर्न सूचना प्रविधिको उपयोग मार्फत प्रदेश सरकारको बजेट तर्जुमा, खर्चको लेखाङ्कन, अभिलेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित गरिनेछ। राजस्व चुहावट नियन्त्रणका लागि राजस्व व्यवस्थापन सूचना प्रणाली विकास गरी प्रदेश सरकारको राजस्वसँग सम्बन्धित सूचना र अभिलेख प्रणालीलाई व्यवस्थित गरिनेछ।

२४. स्रोत व्यवस्थापनमा देखिएका समस्या समाधान गरी बजेट अनुशासन कायम गर्न स्रोत सहमति माग गर्ने र स्वीकृत गर्ने विद्यमान प्रणालीमा सुधार गरी नयाँ मापदण्ड तर्जुमा गरिनेछ।

२५. प्रदेश गौरवका आयोजना बाहेक अन्यको हकमा स्रोत सहमतिको अवधि बढीमा ३ वर्ष रहने र स्रोत सहमति प्रदान गरेको मितिले ९ महिना भित्र ठेक्का नभएमा सहमति स्वतः रद्द हुने व्यवस्था गरिनेछ। यस अघि सहमति दिएका मध्ये ठेक्का प्रक्रिया पूरा नभएका तथा आगामी वर्षको बजेटमा विनियोजन प्रस्ताव नगरिएका आयोजनाको स्रोत सहमति खारेज गरिनेछ। साथै ठूला, बहुवर्षीय र क्रमागत आयोजनहरु तोकिएको समयभित्रै सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ।

२६. प्रदेश गौरवका आयोजना छनौटलाई वस्तुपरक बनाउन प्रदेश गौरवका आयोजना छनौट मापदण्ड तर्जुमा गरिनेछ। यस्ता आयोजना र ठूला आयोजनाहरूको अनुगमन र मूल्याङ्कन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नियमित रूपमा गर्ने व्यवस्था मिलाएको छु। निर्माण कार्य प्रारम्भ भएको लामो समयदेखि अधुरा रहेका आयोजनाहरूको लगत निकाली कार्यान्वयन शुरू भएको ६ वर्ष पुगेका आयोजनाहरू आगामी वर्ष सम्पन्न नभएमा खारेज गरिनेछ।

२७. प्रदेशभित्रका व्यापारिक केन्द्रहरु तथा उदीयमान सहरी केन्द्रहरुबीचको अन्तरआबद्धतामा सहजता ल्याई प्रदेशको आर्थिक गतिविधिमा तीव्रता ल्याउन आवश्यक सडक पूर्वाधार आयोजनाहरुको छनौट र प्राथमिकीकरणमा वैज्ञानिकता ल्याउन प्रदेश सडक गुरुयोजना (PTMP) कार्यान्वयन गर्दै लगिनेछ।

२८. आगामी वर्ष प्रदेश सरकारको लागि अत्यावश्यक बाहेक दरबन्दी सिर्जना र संगठन संरचना थप गरिने छैन। आगामी आर्थिक वर्ष सवारी साधन खरिद गर्ने कार्यलाई निरूत्साहित गरिनेछ।

२९. संघीय आर्थिक कार्यविधि कानूनसँग सामञ्जस्य हुने गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन र नियमावली तर्जुमा गरिनेछ। अन्तरप्रदेश समन्वय मार्फत प्रदेशका करका दरहरुमा एकरुपता ल्याइने छ।

**माननीय सभामुख महोदय,**

म अब नेपालको संविधानको धारा ६० मा व्यवस्था भए बमोजिम स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण सम्बन्धी विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

३०. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशका आधारमा स्थानीय तहको लागि वित्तीय समानीकरण अनुदानतर्फ रु. १ अर्ब ६६ करोड हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु।

३१. प्रदेशबाट तोकिएका आयोजना तथा कार्यक्रम स्थानीय तहबाट सञ्चालन गर्ने गरी सशर्त अनुदान रु. ३ अर्ब ४३ करोड विनियोजन गरेको छु।

३२. स्थानीय तहको पूर्वाधार सम्बन्धी आयोजना कार्यन्वयन गर्न समपूरक अनुदान रु. २ अर्ब ४८ करोड हस्तान्तरण हुने व्यवस्था मिलाएको छु। साथै, विशेष अनुदान तर्फ रु. ७९ करोड ३८ लाख प्रस्ताव गरेको छु।

३३. स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण मार्फत जम्मा रु. ८ अर्ब ३७ करोड प्रस्ताव गरेको छु।

३४. आगामी आर्थिक वर्ष प्रदेश सरकारले संकलन गर्ने सवारी साधन करको बाँडफाँटबाट प्रदेशका ११९ स्थानीय तहहरूलाई रु. ५ अर्ब उपलब्ध हुने अनुमान गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्षको लागि क्षेत्रगत कार्यक्रम र विनियोजनको प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**कृषि तथा पशुपन्छी विकास**

३५. कृषिमा आधुनिकीकरण, व्यावसायीकरण र कृषि उपजको बजारीकरण गरी समग्र कृषि क्षेत्रको रुपान्तरणको लागि संघीय सरकारको २० वर्षे कृषि विकास रणनीति सापेक्ष **प्रदेश कृषि विकास रणनीति** तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

३६. **बागमती प्रदेशको अभियानः वडा वडामा उत्पादन** भन्ने नारा सहित खाद्यान्न, फलफूल, तरकारी तथा पशुपालनमा संलग्न साना किसानहरुलाई व्यवसायिक उत्पादन तर्फ प्रोत्साहित गर्न स्थानीय तहसँग सहकार्य गरी सहभागितामा आधारित **एक वडा एक कृषि उत्पादन कार्यक्रम** सञ्चालन गर्न रु. ३० करोड विनियोजन गरेको छु। निजी क्षेत्र तथा स्थानीय तहसँग सहकार्य गरी यस कार्यक्रमबाट उत्पादित कृषि उपजहरुको प्रशोधन र बजारीकरण गरिनेछ।

३७. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा संलग्न कृषकका समस्याहरुमा आधारित भएर गरिने सोध तथा अनुसन्धान कार्यका लागि विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई प्रोत्साहन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

३८. नवीन सोच भएका युवा उद्यमीहरुको कृषि तर्फको आकर्षण बढाई नवप्रवर्तन मार्फत कृषि उत्पादन लागत घटाउन र प्रतिस्पर्धात्मक क्षमता बढाउन **ए.आई. जडित कृषि उपक्रमः प्रविधिमैत्री स्मार्ट फर्म**को अवधारणा अनुरुप **स्मार्ट एग्रिकल्चर** कार्यक्रम सुरु गरेको छु। उच्च स्तरका कृषि क्षेत्रका विज्ञहरुलाई स्वदेशमा नै कामको वातावरण बनाउन कृषि ज्ञान रत्न प्रोत्साहन कार्यक्रमको लागि रु. २ करोड विनियोजन गरेको छु।

३९. हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा निर्माणाधीन प्रादेशिक कृषि थोक बजार आगामी आर्थिक वर्षमा सम्पन्न गरी सञ्चालनमा ल्याउन रु. ४ करोड विनियोजन गरेको छु। साथै, आगामी आर्थिक वर्षमा बनेपा नगरपालिकामा सञ्चालित कृषि बजारमा तरकारी तथा फलफूल विषादी अन्वेषण प्रयोगशाला सञ्चालन गरिनेछ। निर्माण सम्पन्न भएका शीतभण्डारहरु सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाएको छु।

४०. **बागमती प्रदेश सरकारको बाचा, दूध उत्पादन र माछा** भन्ने नारालाई आत्मसात् गर्दै दूग्ध व्यवसायमा संलग्न किसानहरुलाई उपलब्ध गराउँदै आएको उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित स्थानीय तहबाट कार्यान्वयन हुने गरी सर्शत अनुदानमा रु. २० करोड विनियोजन गरेको छु। साथै प्रदेश भित्र दूध उत्पादन वृद्धि गर्न पशु आहार आत्मनिर्भर एवं दूधजोन कार्यक्रमलाई निरन्तरता दिएको छु। माछापालन व्यवसायलाई व्यवस्थित र विस्तारित गर्दै मत्स्य क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

४१. मकवानपुर जिल्लाको हेटौंडमा रहेको बागमती धुलो दूध कारखाना आगामी आर्थिक वर्षदेखि प्रदेश सरकार, निजी क्षेत्र तथा दूग्ध उत्पादक सहकारीसँगको साझेदारीमा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। दूध तथा दूग्धजन्य पदार्थ भण्डारणको लागि सहकारी तथा निजी क्षेत्रसँगको साझेदारीमा कोल्ड रुम निर्माण कार्यको लागि बजेट व्यवस्था गरेको छु। साथै दूग्धजन्य पदार्थ निर्यातको लागि प्रोत्साहन गर्न निर्यात परिमाणको आधारमा प्रोत्साहन अनुदानको लागि रु. ५० लाख विनियोजन गरेको छु।

४२. सुख्खा खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तर र व्यवस्थापन गरी कृषि उत्पादन वृद्धि गर्न साना सिँचाइ आयोजनाको निर्माण र नियमित मर्मत सम्भार कार्यक्रमलाई निरन्तरता दिँदै रु. ४ करोड ८९ लाख विनियोजन गरेको छु।

४३. जग्गा भाडामा लिई केरा खेती गर्दै आइरहेका किसानहरुको उत्पादन लागत घटाई प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न प्रति हेक्टर रु. २० हजारका दरले जग्गा भाडा भुक्तानीमा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिएको छु। आगामी वर्षदेखि यस कार्यक्रमलाई तरकारी खेतीमा समेत विस्तार गरी कार्यान्वयन गर्न रु. ३ करोड विनियोजन गरेको छु।

४४. रासायनिक मलको अत्याधिक निर्भरतालाई घटाउँदै वैकल्पिक मलको प्रयोगलाई प्रोत्साहन गर्न शुरु गरिएको **एक प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र, एक प्राङ्गारिक मल उत्पादन कारखाना** स्थापना कार्यक्रमलाई स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा थप विस्तार गरी कार्यान्वयन गर्न रु. ७ करोड विनियोजन गरेको छु।

४५. जिल्लागत सम्भाव्यताको आधारमा फलफूल, तरकारी तथा खाद्यान्न बाली एवं पशुपन्छी तथा मत्स्य पालन क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न सुरु गरिएका उत्पादन प्रवर्धन कार्यक्रमलाई निरन्तरता दिएको छु। प्याज, लसुन, चिया, कफि, अलैंची, भटमास

जस्ता उच्च मूल्यबालीहरु तथा मसिनो, वासनादार र चैते धानको उत्पादन र बजारीकरणको लागि आवश्यक रकम विनियोजन गरेको छु।

४६. तरकारी, फलफूल तथा माछामासु जस्ता उपजहरुमा किसानले पाउने मूल्य र उपभोक्ताले तिर्ने मूल्यको बीचमा भएको अस्वभाविक अन्तरलाई घटाउन नवप्रवर्तनमा आधारित **खाद्य प्रशोधन तथा बजारीकरण स्टार्टअप**को प्रवर्द्धन गरी वैकल्पिक आपूर्ति श्रृङ्खला विकास गरिनेछ। यसका लागि निजी क्षेत्र तथा सहकारीहरुको समन्वयमा प्रत्येक जिल्लामा सूचना प्रविधिमा आधारित कृषि उपज बजार केन्द्रहरु सञ्चालन गरिनेछ।

४७. रैथाने, स्थानीय कृषि वस्तुहरुको ब्रान्डिङ तथा बजारीकरण गरी मूल्य श्रृङ्खला विकास गर्दै ग्रामीण रोजगारी सिर्जना गर्ने खाद्य प्रशोधन उद्योगहरुलाई प्रोत्साहन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

४८. कृषि क्षेत्रबाट आयआर्जन तथा थप रोजगारी सिर्जना गर्न असल कृषि अभ्यास, असल पशुपालन अभ्यास, खाद्य सुरक्षा तथा स्वच्छता सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरु र कृषि, पशुपन्छी तथा मत्स्य उद्यमशीलता विकास कार्यक्रम कार्यान्वयनका लागि रु. ६ करोड ८ लाख विनियोजन गरेको छु।

४९. आधुनिक कृषि उपकरण तथा औजारहरु सुलभ एवं सुपथ मूल्यमा कृषक माझ उपलब्ध गराई कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादकत्व वृद्धि एवं लागत कटौती गर्न कृषि औजार उद्योगहरुलाई प्रोत्साहनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। उच्च मूल्य भएका कृषि बाली, पशुपन्छी तथा मत्स्यजन्य कृषि उपजहरुको उत्पादकत्व वृद्धिका लागि नवीनतम प्रविधि र आधुनिक उपकरणहरुको प्रयोगमा प्रोत्साहन गर्न रु. ३ करोड विनियोजन गरेको छु।

५०. प्राकृतिक तथा गैर प्राकृतिक विपद्का कारण उत्पादनमा नोक्सानी व्यहोरेका किसानहरुलाई प्रदेश सरकारले उपलब्ध गराउँदै आइरहेको राहत कार्यक्रमलाई आगामी आर्थिक वर्षका लागि समेत निरन्तरता दिन रु. ५ करोड विनियोजन गरेको छु। कृषि क्षेत्रमा जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील प्रविधिको प्रयोग गरी कृषकको जलवायु परिवर्तनसँग जुध्ने क्षमता बढाइने छ। मौसम पूर्वानुमान सूचना प्रणाली विकास गरी मोबाइल एपबाट कृषकसम्म पूर्व सूचना पुग्ने व्यवस्था मिलाइने छ।

५१. स्थानीय तह, सहकारी र कृषक समूहसँगको सहकार्यमा रैथाने जातका बिउहरुको संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्न आवश्यक व्यवस्था मिलाएको छु। चालु आर्थिक

वर्षमा सञ्चालनमा रहेको बिउबिजन आत्मनिर्भर कार्यक्रमलाई निरन्तरता दिँदै सबै जिल्लामा विस्तार गर्न आवश्यक रकम विनियोजन गरेको छु।

५२. सहकारीद्वारा सञ्चालित शीतभण्डार, उच्च प्रविधियुक्त संरक्षित संरचनामा च्याउ उत्पादन, दुग्ध चिस्यान केन्द्र तथा मत्स्यपालनमा खपत हुने विद्युत महशुलमा ५० प्रतिशत रकम अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिएको छु।

५३. वर्षेनी महामारीका रुपमा फैलिने पशुमा लाग्ने संक्रामक रोगहरु लम्पि स्किन, पि.पि.आर., स्वाइन फिवर, खोरेत लगायतका रोग विरुद्ध खोप अभियान सञ्चालनको लागि रु. ७ करोड ७५ लाख विनियोजन गरेको छु।

५४. स्थानीय तहसँगको सहकार्यमा **पशु नश्ल सुधार कार्यक्रम** मार्फत उन्नत जातका बाख्रा, गाई र भैंसीको मागलाई प्रदेश भित्रबाट परिपूर्ति गर्न पशु स्रोत केन्द्रहरुको व्यवस्थापन गरिनेछ। यस कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु।

५५. कृषि क्षेत्रमा जग्गा बाँझो राख्ने बढ्दो प्रवृत्तिलाई निरुत्साहित गरी भूमि बैंकको अवधारणा अनुसार चक्लाबन्दीलाई प्रोत्साहन गर्न पहाडी तथा हिमाली क्षेत्रमा २५ रोपनी र तराई क्षेत्रमा १५ बिघा भन्दा बढी जमिनमा कृषि, पशुपालन र मत्स्यपालन गर्ने कृषक समूह, सहकारी र फर्महरुलाई उत्पादनमा आधारित प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

५६. कृषि उपजको बजार र मूल्यमा हुने जोखिम न्यूनीकरण गर्न सरकार, व्यवसायी र कृषक सहभागी हुने गरी करार खेती प्रवर्धन गरिनेछ। चितवनको माडी र सिन्धुलीको दुधौलीमा विगतमा सञ्चालन भएको सामूहिक खेती कार्यक्रमलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाएको छु।

५७. बागमती प्रदेशका उच्च पहाडी तथा हिमाली क्षेत्रमा चौंरी, भेडा, च्याङ्ग्रापालन र चरन खर्क व्यवस्थापन सम्बन्धी कार्यक्रमलाई विशेष प्राथमिकता दिई खर्कहरुमा आश्रित समुदायको जीविकोपार्जन सुधार कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु।

५८. **बागमती प्रदेशको सानः मेहनती किसान** भन्ने नारालाई आत्मसात् गर्दै संघीय सरकार र स्थानीय तहसँगको समन्वयमा कृषि पेशामा निरन्तर संलग्न रहेका किसानहरुको सूचीकरण र वर्गीकरण गरी किसानको आत्मसम्मानलाई अभिवृद्धि गर्न प्रदेश सरकारबाट दिइने प्रोत्साहनलाई लक्षित वर्गका किसानहरुसम्म पुऱ्याउने व्यवस्था मिलाएको छु।

५९. कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लागि रु. २ अर्ब ६२ करोड विनियोजन गरेको छ।

**संस्कृति, पर्यटन तथा सहकारी**

६०. **पर्यटन र संस्कृतिः राष्ट्रको समुन्नति** भन्ने मान्यता अनुरुप बागमती प्रदेशलाई आकर्षक पर्यटक गन्तव्यको रुपमा विकास गरी पर्यटकको बसाइ अवधि लम्ब्याउन र प्रति पर्यटक खर्च वृद्धि गर्न पर्यटन पूर्वाधार निर्माण तथा सुधार गरिनेछ।

६१. प्रदेश सभाको प्रत्येक निर्वाचन क्षेत्रमा एक विशेष पर्यटकीय क्षेत्र पहिचान गरी **एकीकृत पर्यटन विकास कार्यक्रम** सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्न बजेट व्यवस्था गरेको छ। पर्यटन क्षेत्रको दिगो र योजनाबद्ध विकासको लागि आगामी वर्षमा **प्रादेशिक पर्यटन गुरुयोजना** तर्जुमा गरिनेछ।

६२. नेपालको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति र परिवर्तनको इतिहास प्रतिविम्वित हुने **क्रान्ति स्मृति सङ्ग्रहालय** स्थापनाका लागि आवश्यक बजेट व्यवस्था गरेको छ।

६३. अन्तर प्रदेश समन्वयमा जनकपुर, लुम्बिनी, देवघाट र मुक्तिनाथ जोड्ने **सांस्कृतिक सम्पदा परिपथ** विकास गरिनेछ। चितवनका सौराह, मेघौली, माडी र सिराइचुली जोडेर **पर्यापर्यटन परिपथ**, पाटन दरबार क्षेत्र, बसन्तपुर, कीर्तिपुर, भक्तपुर र चाँगुनारायण क्षेत्र जोडेर **सम्पदा परिपथ** र काठमाडौंको पशुपतिनाथ, डोलेश्वर, दत्तात्रय, सुवर्णेश्वर, अनन्त लिङ्गेश्वर, सन्तानेश्वर, महादेव पोखरी जोडेर **शिव परिपथ** विकास गरिनेछ।

६४. बागमती प्रदेशमा रहेका विभिन्न जात्रा तथा पर्वहरुको संरक्षण, संवर्धन र सञ्चालनका लागि अक्षयकोष स्थापना गर्न रु. ५ करोड विनियोजन गरेको छ। बागमती प्रदेशभित्र रहेका कला, संस्कृति, भाषा, लिपि, जातजाति, धर्म, बाजा गाजा आदिका बारेमा अध्ययन अनुसन्धान गर्न चाहने अध्येताहरुलाई प्रोत्साहन गर्न आवश्यक बजेट व्यवस्था गरेको छ।

६५. चितवनका सौराह, मेघौली, गोलाघाट, भक्तपुरको नगरकोट, दोलखाको शैलुङ क्षेत्रलाई खुला चलचित्र छायांकन क्षेत्रको रुपमा विकास गरिनेछ।

६६. प्रदेशको सरकारी कामकाजको भाषा ऐन, २०८० को प्रभावकारी कार्यान्वयनका लागि तामाङ र नेपाल भाषा सशक्तीकरण कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छ।

६७. बागमती प्रदेशभित्र रहेका मूर्त र अमूर्त संस्कृति र सम्पदाको संरक्षण गर्न आवश्यक नीति तर्जुमा गरिनेछ। समुदायको सहभागितामा विभिन्न जातजाति, भाषा, साहित्य, दर्शन, संस्कृति, कला, पुराना बाजा, सङ्गीत, नाच र नाट्य लगायतका अमूर्त सांस्कृतिक सम्पदाको सूचीकरण, संरक्षण र प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

६८. **प्रदेश भ्रमण वर्ष २०२४** को निरन्तरता सहित प्रदेश भित्रका पर्यटकीय गन्तव्य तथा पर्यटन क्रियाकलापहरुको प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ। थप पर्यटकीय गन्तव्य तथा पर्यटन विधाहरुको पहिचान र प्रवर्धनको लागि र पर्यटकहरुको यात्रा तथा भ्रमण योजनामा सहजीकरण गर्नको लागि **ट्राभल बुक** तयार गरिनेछ। बाह्य पर्यटकको संख्या वृद्धि गर्न छिमेकी मुलुकका प्रमुख सहरहरुमा पर्यटक लक्षित रोड सो, मेला, महोत्सव जस्ता पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

६९. सहकारी विज्ञ र सरोकारवाला समेतको सहभागितामा अध्ययन गरी प्राप्त निष्कर्ष प्रतिवेदनका आधारमा ऋण सहकारी संस्थामा देखिएको समस्याको सहजीकरण र समाधानको लागि आवश्यक रकम विनियोजन गरेको छु।

७०. प्रदेश भित्रका सहकारीहरुको नियमन र अनुगमनका लागि काठमाडौं उपत्यकामा सहकारी रजिष्ट्रारको कार्यालयको स्थापना गरिनेछ। सूचना प्रविधिको माध्यमबाट पर्यटन तथा सहकारी क्षेत्रमा नागरिकमैत्री सेवा प्रत्याभूतिका लागि पर्यटन सूचना तथा सेवा केन्द्रको विस्तार गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

७१. संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको लागि रु. २ अर्ब ४६ करोड विनियोजन गरेको छु।

**उद्योग, वाणिज्य, भूमि तथा प्रशासन**

७२. प्रदेशको उद्योग तथा वाणिज्य क्षेत्रको विकास गरी औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि र आन्तरिक तथा बाह्य व्यापार प्रवर्द्धन गर्न प्रादेशिक औद्योगिक नीति तथा वाणिज्य नीति तर्जुमा गरिनेछ। प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ तथा प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ मा सामयिक सुधार गर्दै लगिनेछ।

७३. प्रदेशमा स्वदेशी तथा विदेशी लगानी प्रवर्धन गरी थप औद्योगिक वातावरण निर्माण गर्न **प्रदेश लगानी बोर्ड** गठनको लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गरी संस्थागत संरचना विकासको लागि रकम विनियोजन गरेको छु। प्रदेशभित्र उद्यमशीलता विकास,

उत्पादकत्व अभिवृद्धि तथा उद्योग प्रवर्धन गर्ने विषयमा अध्ययन, अनुसन्धान, विकास र नवप्रर्वतनका कार्यक्रमहरु सञ्चालन गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु।

७४. **स्वदेशमै कमाऔं, स्वदेशमै रमाऔं** भन्ने नारालाई आत्मसात् गरी स्वरोजगारका पर्याप्त अवसर सिर्जना गर्न प्रदेशका सबै निर्वाचन क्षेत्रमा सीप, प्रविधि हस्तान्तरण तथा परामर्श सेवासहितको **उद्यमशीलता प्रवर्धन कार्यक्रम** सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

७५. युवाका नवीनतम सोचलाई उद्यमशीलतामा रुपान्तरण गर्नका लागि संघीय सरकारसँगको सहकार्यमा **बिजनेश इन्क्युवेसन सेन्टर** स्थापना गरी सञ्चालन गरिनेछ। उद्यममा युवाको सक्रिय सहभागिता बढाउन स्टार्टअप र नवप्रवर्तन कार्यक्रमलाई निजी र शैक्षिक क्षेत्रसँग सहकार्य गरी आवश्यक प्राविधिक सहयोग र बिउपुँजी उपलब्ध गराइनेछ।

७६. संघीय सरकारसँगको सहकार्यमा बागमती प्रदेशमा सञ्चालित सूचना प्रविधिसँग सम्बन्धित कम्पनीहरुलाई आइ.टी. पार्कभित्र वर्कस्टेशन सञ्चालन गर्न निःशुल्क स्थान उपलब्ध गराउने र त्यस्तो वर्कस्टेसनमा सूचीकृत भई काम गर्ने आइ.टी. कम्पनीहरुबाट उत्पादित वस्तु तथा सेवा बिक्रीको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराइने छ।

७७. प्रदेश सरकारका कार्यालय एवम् निकायहरुमा मौलिक उत्पादनको प्रयोगलाई प्राथमिकता दिई स्वदेशी उत्पादन प्रयोग गर्न प्रोत्साहन गर्ने कानूनी व्यवस्था मिलाइनेछ।

७८. उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी कार्यमा सूचना प्रविधिको प्रयोगलाई प्रवर्धन गर्दै व्यवसाय दर्ता, नवीकरण लगायतका कार्यलाई आगामी आर्थिक वर्षदेखि विद्युतीय माध्यमबाट अनलाइन प्रणालीमा आवद्ध गर्न आवश्यक रकम विनियोजन गरेको छु।

७९. प्रदेशमा औद्योगिक प्रवर्धन गरी रोजगारी सिर्जना गर्न स्थानीय तहसँगको सहकार्यमा **एक स्थानीय तह, एक उद्योग ग्राम** कार्यक्रमको कार्यान्वयन गरिनेछ र सम्भाव्यता अध्ययन पूरा भइसकेका औद्योगिक ग्रामहरुको पूर्वाधार निर्माण शुरू गर्न आवश्यक व्यवस्था मिलाएको छु।

८०. उत्पादनमूलक लघु, घरेलु तथा साना उद्योगको विकासका लागि निजी क्षेत्रसँगको साझेदारीमा उद्यमीलाई प्रदान गरिने प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु।

८१. संघीय सरकारसँगको समन्वयमा उपभोग्य वस्तुको गुणस्तर मापन गर्न हेटौंडामा **प्रदेशस्तरीय खाद्य गुणस्तर परीक्षण प्रयोगशाला** स्थापनाका लागि आवश्यक बजेट व्यवस्था

गरेको छ। गुणस्तरीय वस्तु तथा सेवाको उपभोक्ता हक सुनिश्चित गर्न उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

८२. बागमती प्रदेशको ललितपुर जिल्लामा हस्तकला ग्राम स्थापना गरी सञ्चालन गरिनेछ। राष्ट्रिय कलाधराको संरक्षण, संवर्द्धन र विकास गर्न कोशेली घर कार्यक्रमलाई निरन्तरता दिएको छ। मकवानपुर जिल्लाको हेटौंडामा निर्माणाधीन **बृहत् औद्योगिक उपज प्रदर्शनी भवन निर्माण** कार्यलाई आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ।

८३. निर्यातको सम्भावना बोकेका औद्योगिक वस्तु एवं हस्तकलाका सामग्रीहरुको प्रवर्धन गर्न निर्यात व्यापार मेलाको आयोजना र हस्तकला ग्राम निर्माण गरी निर्यात प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ।

८४. संघीय सरकार तथा निजी क्षेत्रसँगको समन्वयमा प्रदेशभित्रका फलफूल, अन्न र जडीबुटीहरुको प्रयोग गरी स्वदेशी ब्राण्डको मदिराको उत्पादनको सम्भाव्यता अध्ययन गरिनेछ।

८५. सार्वजनिक-निजी साझेदारीमा धादिङ, रसुवा, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका हिमाली भेगको पानीको प्रशोधन, उत्पादन र निर्यात गर्न सम्भाव्यता अध्ययन सुरु गरिनेछ। नुवाकोट जिल्लामा औद्योगिक क्षेत्र स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

८६. वैज्ञानिक भू-उपयोग नीति अनुरुप सरकारी, सार्वजनिक, गुठी र व्यक्ति विशेषका जग्गाहरुको व्यवस्थित डिजिटल अभिलेख तयार गर्न आवश्यक रकम विनियोजन गरेको छु। साथै स्थानीय तहसँगको सहकार्यमा प्रदेश भित्र जग्गा एकीकरण तथा चक्लाबन्दी कार्यक्रम शुरु गरिनेछ।

८७. मालपोत तथा नापी कार्यालयको संस्थागत क्षमता अभिवृद्धि गरी कार्यालयबाट प्रदान गरिने सेवालाई नागरिकमैत्री बनाइनेछ।

८८. उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको लागि रु. ७२ करोड विनियोजन गरेको छु।

### वन तथा वातावरण संरक्षण

८९. **दिगो वन व्यवस्थापनः अर्थतन्त्रमा योगदान** भन्ने सोचका साथ वन पैदावारको प्रभावकारी व्यवस्थापन र उत्पादन वृद्धि गरी हरित रोजगारी सिर्जना गर्दै अर्थतन्त्रमा योगदानका

लागि दिगो वन व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गर्न रु. ६ करोड ३२ लाख विनियोजन गरेको छु।

९०. विदेशी काठको आयातलाई प्रतिस्थापन गर्न र काठको गुणस्तर तथा आयु वृद्धि गर्ने प्रयोजनको लागि सार्वजनिक-निजी-सामुदायिक साझेदारीमा **काठ सिजनिङ्ग तथा ट्रिटमेन्ट प्लान्ट** स्थापना गर्न रु. २ करोड ५० लाख विनियोजन गरेको छु।

९१. प्रदेशस्थित सरकारी कार्यालय तथा सरकारबाट अनुदान प्राप्त भवन निर्माण गर्दा स्वदेशी काठको अनिवार्य प्रयोग गर्नुपर्ने र सरकारी तथा सरकारबाट अनुदान प्राप्त सार्वजनिक कार्यालयहरुमा स्वदेशी काठबाट निर्मित फर्निचरहरूको प्रयोगलाई प्राथमिकता दिने व्यवस्था मिलाइनेछ। यसका लागि वन पैदावारको सहज आपूर्ति गर्न सबै जिल्लाहरुमा जिल्ला वन पैदावार आपूर्ति समिति गठन गरी डिपो मार्फत सहज र सर्वसुलभ रुपमा गुणस्तरीय काठ तथा दाउरा उपलब्ध गराइनेछ।

९२. वन क्षेत्रलाई प्रदेशको महत्वपूर्ण वातावरणीय सुरक्षा र उत्पादनशील आर्थिक क्षेत्रको रूपमा विकास गर्न काष्ठ तथा गैरकाष्ठ वन पैदावारमा आधारित **एक वन समूह, एक उद्यम** भन्ने नीति अनुरुप स्थानीय तह तथा निजी क्षेत्रसँगको साझेदारीमा व्यवसायिक योजना सहितका कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यका लागि रु. १० करोड ३२ लाख विनियोजन गरेको छु।

९३. हिमाली तथा उच्च पहाडी क्षेत्रमा बहुमूल्य जडिबुटीको उत्पादन, संकलन र प्रशोधन गरी मूल्य श्रृङ्खला अभिवृद्धि गर्दै उद्यमशीलता प्रवर्द्धन मार्फत ग्रामिण रोजगारी र आयआर्जन वृद्धि गर्न एवं बहुमूल्य बुद्धचित्तको खेतीलाई व्यवसायिक रुपमा अगाडि बढाउने कार्यक्रम सञ्चालन गर्न रु. १ करोड १४ लाख विनियोजन गरेको छु।

९४. वन डढेलोबाट हुने धनजनको क्षति कम गरी डढेलो मुक्त वन क्षेत्र कायम गर्न आवश्यक उपकरणको प्रबन्ध गरी जनशक्तिको क्षमता विकास कार्यक्रम समेत सञ्चालन गरिनेछ। वन क्षेत्रमा अग्निरेखा निर्माण तथा ज्वलनशील पदार्थहरुको व्यवस्थापन कार्यलाई तीब्रता दिइनेछ। वन डढेलो नियन्त्रण कार्यमा परिचालन गरिने जनशक्तिको दुर्घटना बीमा, राहत तथा पुनर्स्थापना सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यका लागि रु. ३ करोड ९ लाख विनियोजन गरेको छु।

९५. वन अतिक्रमण नियन्त्रणका लागि वन क्षेत्रको तथ्याङ्क अद्यावधिक गरी सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यमा अतिक्रमित वन क्षेत्र पुनर्स्थापित गर्न र वन संरक्षणका कार्यक्रम सञ्चालन गर्न रु. ३ करोड ६९ लाख विनियोजन गरेको छु।

९६. पारिस्थितिकीय प्रणालीको पुनरोत्थानका लागि डाँडापाखा, पर्ती चौर, नदी उकास, जमिन लगायत हैसियत बिग्रँदै गएको वन क्षेत्रमा रैथाने बहुमूल्य प्रजाति, बाँस/अम्रिसोको सघन वृक्षारोपण तथा मिचाहा प्रजातिहरुको नियन्त्रण कार्यक्रम मार्फत **पारिस्थितिकीय प्रणालीको पुनर्स्थापना, स्वच्छ वातावरण हाम्रो चाहना** भन्ने नारालाई साकार पारिनेछ। यस कार्यक्रमको लागि रु. १० करोड ९४ लाख विनियोजन गरेको छु।

९७. मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरणका उपायहरु अवलम्बन गर्दै वन्यजन्तुको बासस्थान व्यवस्थापन गरिनेछ। बाँदर, बँदेल, दुम्सी लगायतका वन्यजन्तुबाट कृषिबालीमा हुने क्षति न्यूनीकरण गर्न वैकल्पिक खेती प्रबर्द्धन, घाँसे मैदान व्यवस्थापन, पानी पोखरी निर्माण तथा राहत वितरण कार्यहरु सञ्चालन गरिनेछ। यस कार्यक्रमको लागि रु. २ करोड ७७ लाख विनियोजन गरेको छु।

९८. **संरक्षित जलाधार समुन्नतिको आधार** भन्ने मर्मलाई आत्मसात् गर्दै समुदायमा आधारित भू तथा जलाधार संरक्षण कार्यक्रम मार्फत जैविक, भौतिक तथा मानवीय दृष्टिले सबैभन्दा जोखिमपूर्ण जलाधार क्षेत्रमा बायोइन्जिनियरिङ्ग प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिई **एकीकृत जलाधार व्यवस्थापन** गरिनेछ। यस कार्यका लागि रु. ७० करोड ५० लाख छुट्याएको छु।

९९. **स्वच्छ र हरित सहरका लागि सामुदायिक पहल** भन्ने नारासहित स्थानीय तह र सामुदायिक संघ/संस्थाहरूको समन्वय र सहकार्यमा सहरी क्षेत्र, राजमार्गका छेउछाउ, ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यटकीय क्षेत्रहरूमा प्लाष्टिकजन्य पदार्थहरूबाट बढ्दो प्रदूषण नियन्त्रणका लागि **बागमती प्रदेशमा शून्य प्लाष्टिकजन्य पदार्थ** अभियान सञ्चालन गर्न रु. १ करोड ६१ लाख छुट्याएको छु।

१००. **हरित सहर हाम्रो रहर** अभियानलाई सार्थक बनाउन बागमती प्रदेशका सबै सहरी क्षेत्रमा स्थानीय तहसँगको सहकार्यमा घरको नक्शा पास गर्दा नै **एक घर एक बिरुवा रोपण कार्यक्रम** सञ्चालन गरिनेछ। साथै प्रदेशका प्रमुख सहरी क्षेत्रमा वातावरणीय स्वच्छता कायम गर्न सडक किनार वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यका लागि रु. ५ करोड ९४ लाख विनियोजन गरेको छु।

१०१. वातावरणीय प्रदूषण नियन्त्रणका लागि वायु तथा ध्वनि प्रदूषण जाँच गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ साथै वातावरण क्षेत्रका कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन तथा व्यवस्थापन गर्नका निमित्त वातावरण परिषद् गठन गरिनेछ। हरेक

जिल्लामा वातावरण निरीक्षक तोकी वातावरणीय अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ। यस कार्यका लागि रु. ८० लाख छुट्याएको छु।

१०२. वन अनुसन्धान तथा तालिम केन्द्र गोदावरीलाई वन र वातावरण क्षेत्रमा अनुसन्धानमूलक कार्य गर्ने **Provincial Centre of Excellence** को रुपमा विकास गर्न रु. २ करोड ३९ लाख विनियोजन गरेको छु। वन तथा वातावरण क्षेत्रको दिगो व्यवस्थापनका लागि आगामी वर्ष विज्ञहरुको सम्मेलन गरिनेछ।

१०३. जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्न वृक्षारोपण, कार्बन सञ्चिति वृद्धि, सिमसार क्षेत्रहरुको संरक्षण, विस्तार तथा व्यवस्थापनलाई प्राथमिकता दिइनेछ। साथै सुख्खाग्रस्त क्षेत्रमा **एक टोल, एक पोखरी** निर्माण अभियान र वन क्षेत्रमा पानी मुहान संरक्षण, पुनर्भरण पोखरी निर्माण र मर्मत गर्दै जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलताका कार्यक्रमहरू सञ्चालन गर्न रु. ३ करोड १५ लाख विनियोजन गरेको छु।

१०४. जैविक विविधता संरक्षण तथा पर्यापर्यटन विकासको लागि धादिङको उत्तरी भेगमा अवस्थित गणेश हिमाल आसपास **हिमाली क्षेत्र करिडोर** विकासको सम्भाव्यता अध्ययन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१०५. उच्च तापक्रम र जलवायु परिवर्तनको कारण तराई क्षेत्रमा पानीका स्रोतहरु रित्तिँदै जाने समस्यासँग जुध्न चितवनका खगेरी, कयर, पम्फा खोला, लदरी लोथर नदी प्रणालीहरुको जोखिमपूर्ण जलाधार क्षेत्रमा बायोइन्जिनियरिङ प्रविधिको प्रयोग गरी जलाधार संरक्षण र व्यवस्थापन तथा पुनर्भरण पोखरीहरु निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१०६. प्रदेश भित्रका सामुदायिक वन, कबुलियति वन तथा राष्ट्रिय वन क्षेत्रमा कृषिजन्य नगदे बालीको विस्तार गरी विपन्न नागरिकको जीवनयापनमा सहयोग पुऱ्याउन **एक वन समूहः एक उद्यम** कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१०७. वन तथा वातावरण मन्त्रालयका लागि रु. ३ अर्ब २१ करोड विनियोजन गरेको छु।

**श्रम, रोजगार तथा यातायात**

१०८. प्रदेश यातायात कार्यालयहरुबाट प्रदान गरिने सेवालाई अनलाइन माध्यमबाट प्रवाह गरी नागरिकमैत्री एकीकृत सेवा प्रणाली निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। साथै सार्वजनिक यातायातको सवारी भाडा भुक्तानीमा **फिनटेक** प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

१०९. बागमती प्रदेशका यातायात व्यवस्था कार्यालयहरुको लागि जग्गा प्राप्ति, भवन निर्माण र निर्मित सरकारी भवनमा स्थानान्तरण गर्ने कार्यलाई आवश्यक रकम विनियोजन गरेको छु। यातायात कार्यालयका भौतिक अभिलेखहरुलाई डिजिटाइजेशन गर्ने कार्यलाई निरन्तरता दिएको छु।

११०. संघीय सरकारसँगको समन्वय र सहकार्यमा चालक अनुमति पत्रको स्मार्ट कार्ड छपाई मेसिन खरिद गरी स्मार्ट कार्ड छपाई तथा वितरण प्रक्रिया प्रदेशबाटै हुने व्यवस्था मिलाएको छु। बागमती प्रदेशको सवारी चालक अनुमतिपत्र **स्मार्ट कार्ड छपाई प्रणाली** विकासको लागि बजेट व्यवस्था गरेको छु।

१११. निजी क्षेत्रसगँको सहकार्यमा **एकीकृत अटोवर्कशप** (अटोल्याण्ड) निर्माण र सवारी साधनको मर्मतका लागि आवश्यक औजारहरु रहने **टुल बैंक** स्थापना कार्यलाई अघि बढाउन आवश्यक व्यवस्था गरेको छु।

११२. सवारी चालक अनुमतिपत्रको परीक्षालाई थप व्यवस्थित बनाउन निजी क्षेत्रको सहकार्यमा ट्रायल सेन्टरहरूलाई क्रमशः **स्वचालित प्रणाली**मा लैजाने व्यवस्था मिलाएको छु।

११३. सवारी साधन लगायतका उपकरणहरुमा हरित ऊर्जाको उपयोगिता र प्रयोगको सम्भाव्यता अध्ययन गरिनेछ। स्थानीय तह र निजी क्षेत्रसँगको साझेदारीमा प्रदेशका मुख्य सहर र राजमार्गहरुमा विद्युतीय सवारी साधनका लागि **चार्जिङ स्टेसन** स्थापना गरी सञ्चालनमा ल्याउने कार्यलाई निरन्तरता दिन बजेट व्यवस्था गरेको छु।

११४. चालक, सहचालक तथा यात्रुका लागि सवारी दुर्घटना न्यूनीकरण तथा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी अनुशिक्षण, अभिमुखीकरण तथा सचेतनामूलक अभियान सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु।

११५. काठमाडौं उपत्यकामा यात्रु चाप उच्च हुने समयमा महिला यात्रीको लागि मात्रै लक्षित गरी सार्वजनिक सवारी साधन चलाउन निजी क्षेत्रसँग सहकार्य गरिनेछ। साथै सार्वजनिक यातायातमा महिला सवारी चालकको उपस्थिति बढाउन महिला लक्षित ड्राइभिङ तालिम सञ्चालन गरिनेछ।

११६. वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको ज्ञान, सीप र क्षमतालाई उपयोग गरी उद्यमशीलता प्रवर्धन गर्न स्थानीय तहसँगको समन्वय र साझेदारीमा रोजगार फण्ड स्थापना गरिनेछ। स्थानीय तहसँगको समन्वयमा श्रम सहकारी संस्था स्थापना गरी आन्तरिक एवं वैदेशिक रोजगारीका सूचनाहरु उपलब्ध गराइने छ।

११७. आगामी आर्थिक वर्षमा यातायात क्षेत्रमा कार्यरत मजदुर लगायत निजी क्षेत्र तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुलाई समेत सामाजिक सुरक्षामा आवद्ध हुन प्रोत्साहन गरिने छ।

११८. संघ, प्रदेश र स्थानिय तहको लागत साझेदारीमा सञ्चालन हुने **सुरक्षित आप्रवासन (सामी) परियोजना** कार्यक्रममा प्रदेश सरकारको तर्फबाट लागत साझेदारीका लागि बजेट व्यवस्था गरेको छु।

११९. श्रम, यातायात तथा रोजगार मन्त्रालयको लागि रु. ९३ करोड विनियोजन गरेको छु ।

**स्वास्थ्य सेवा**

१२०. बागमती प्रदेश सरकारको **"स्वस्थ नागरिक गुणस्तरीय जीवन"** को सोच अनुरुप संघ तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा सबै प्रकारका स्वास्थ्य सेवालाई विकास र विस्तार गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु। जनस्वास्थ्यका मापदण्ड सुनिश्चित गर्दै सबै नीतिमा स्वास्थ्य कार्यान्वयन गर्न विषयगत मन्त्रालयसँग सहकार्य र साझेदारी गरिनेछ।

१२१. सरोकारवाला क्षेत्र, निकाय र संघ/संस्थासँगको समन्वय र सहकार्यमा मानसिक स्वास्थ्य समस्या र आत्महत्याको दरलाई न्यूनीकरण गर्न प्रदेशका १३ वटै जिल्लामा **मानसिक स्वास्थ्यको प्रवर्धन, आत्महत्याको न्यूनीकरण** अभियान सञ्चालन गरिनेछ। यसका लागि रु. १ करोड ७३ लाख विनियोजन गरेको छु।

१२२. गर्भवती र प्रसूति अवस्थामा जोखिममा परेका महिलाको निःशुल्क हवाइ उद्धार सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक रकम विनियोजन गरेको छु। प्रजनन् स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि सुरक्षित मातृत्व, नवशिशु तथा बाल स्वास्थ्य, किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्य एवं ज्येष्ठ नागरिकको स्वास्थ्य सेवालाई विकास र विस्तार गर्दै लगिने व्यवस्था मिलाएको छु।

१२३. महिलाहरूमा हुन सक्ने स्तन क्यान्सर तथा पाठेघरको मुखको क्यान्सरको निःशुल्क परीक्षणको व्यवस्था मिलाएको छु। संघीय सरकारसँगको सहकार्यमा महिलाको पाठेघरको मुखको क्यान्सर रोकथामका लागि लक्षित उमेरका किशोरीहरूलाई निःशुल्क रुपमा HPV खोप लगाउने व्यवस्था गरेको छु।

१२४. क्यान्सर, मुटुरोग, मधुमेह, दीर्घ श्वासप्रश्वास रोग, अब्स्टेट्रिक फिष्टुला लगायतका नसर्ने रोगहरुको पहिचान, परीक्षण, निदान र उपचार गर्न **मुख्यमन्त्री जनता स्वास्थ्य**

**कार्यक्रम**लाई निरन्तरता दिएको छु। प्रदेशभित्रका विपन्न नागरिकलाई क्यान्सर, हृदयघात र मस्तिष्कघात उपचार सहुलियत कार्यक्रमलाई विशिष्टीकृत अस्पतालमार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाएको छु। मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमको लागि रु. २१ करोड विनियोजन गरेको छु।

१२५. चितवनको माडी स्थित बघौडा अस्पताल, रामेछापको मन्थली, दोलखाको जिरी, सिन्धुपाल्चोकको मेलम्ची र सिन्धुलीको दुधौली अस्पताललाई क्रमशः प्रादेशिक अस्पतालमा विकास गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१२६. नसर्ने रोगको रोकथामका लागि **मेरो स्वास्थ्य, मेरो जिम्मेवारी** अभियान अन्तर्गत सिकलसेल एनिमिया, हेमोफिलिया, थालासेमिया, अटिजम लगायतका आनुवंशिक तथा जन्मजात स्वास्थ्य समस्या र उमेर सापेक्ष विकाससँग सम्बन्धित रोगहरुको निःशुल्क परीक्षण गर्ने व्यवस्था शुरु गरेको छु।

१२७. बागमती प्रदेशका विभिन्न वडाहरुमा सेवा गरिरहनु भएका ९ हजार ४ सय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई उपलब्ध गराउँदै आएको प्रोत्साहन भत्ताको लागि रु. ४ करोड ६५ लाख विनियोजन गरेको छु।

१२८. **एक माध्यमिक विद्यालय एक नर्स कार्यक्रम**लाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु। यस कार्यक्रमलाई स्थानीय तहको समन्वयमा क्रमशः समुदाय स्तरमा विस्तार गर्दै लगिनेछ। यसका लागि रु. ४९ करोड विनियोजन गरेको छु।

१२९. प्रदेश अन्तर्गतका अस्पतालहरुमा विशेषज्ञ चिकित्सकको सेवा सुनिश्चितताका लागि **दुर्गम क्षेत्र चिकित्सक प्रोत्साहन कार्यक्रम** मार्फत आवश्यक रकम विनियोजन गरेको छु। स्वास्थ्यकर्मीहरुको प्राविधिक ज्ञान र सीप विकासको लागि रु. ४ करोड ३७ लाख विनियोजन गरेको छु।

१३०. प्रदेशका अस्पतालहरुमा आँखा, नाक, कान, घाँटी, छाला तथा यौन रोग, जलन (वर्न), मुख तथा दन्त सेवा, मानसिक स्वास्थ्य सेवा लगायतका विशेषज्ञ सेवा विकास र विस्तार गर्न बजेट व्यवस्था गरेको छु।

१३१. प्रदेशमा बसोबास गर्ने अति सीमान्तकृत तथा लोपोन्मुख जाति, आश्रममा आश्रित व्यक्ति, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति, गरिबदलित, सशस्त्र द्वन्द्व र जनआन्दोलनका घाइते लगायतका लक्षित वर्गका व्यक्तिहरूलाई निःशुल्क स्वास्थ्य बीमा प्रदेश सरकारले गरिदिने व्यवस्था मिलाएको छु। यस कार्यक्रमका लागि रु. ११ करोड ५७ लाख विनियोजन गरेको छु।

१३२. प्रदेशमा विशेषज्ञ चिकित्सक लगायत प्राविधिक जनशक्ति उत्पादन गर्न मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आगामी वर्षदेखि स्नातकोत्तर तहको अध्ययन तथा अध्यापन सुरुवात गर्न बजेटको व्यवस्था गरेको छु। साथै हेटौंडा अस्पताललाई विशेषज्ञ सेवा सहित ३ सय शैय्या अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुको व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१३३. प्रदेशमा स्थायी रुपमा बसोबास गर्ने ७० वर्ष माथिका विपन्न जेष्ठ नागरिकलाई निमोनिया विरुद्धको खोप निःशुल्क रुपमा प्रदान गर्ने व्यवस्था शुरुवात गर्न बजेट व्यवस्था गरेको छु। बागमती प्रदेशका प्रादेशिक अस्पतालहरुमा ६५ वर्षभन्दा माथिका विपन्न जेष्ठ नागरिकहरुका लागि दन्त सेवा तथा दन्त सहायता सामग्रीहरुको निःशुल्क वितरणको व्यवस्था मिलाएको छु।

१३४. बागमती प्रदेशका प्रादेशिक अस्पताल तथा स्थानीय स्वास्थ्य संस्थामा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न अति आवश्यक स्वास्थ्य सामग्री र उपकरणको व्यवस्थापनका लागि रकम विनियोजन गरेको छु।

१३५. प्रदेश भित्रका लोपोन्मुख र सीमान्तकृत जातिहरुको सुरक्षित मातृत्व सेवा तथा खोप सेवामा पहुँच वृद्धिका लागि प्रोत्साहन स्वरुप रु. ५ हजार प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिएको छु।

१३६. प्रदेशका विपन्न नागरिकका लागि निःशुल्क रक्तसञ्चार सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिन रु. १ करोड ६४ लाख विनियोजन गरेको छु।

१३७. डेंगु, स्क्रबटाइफस लगायतका जनस्वास्थ्य विपद् तथा महामारी व्यवस्थापनका लागि पूर्वतयारी तथा प्रतिकार्य योजना सहित स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गर्न रकम विनियोजन गरेको छु।

१३८. प्रदेश सरकार मातहतका बज्रबराही चापागाँउ अस्पताल, मकवानपुर आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, चितवन आयुर्वेद तथा वैकल्पिक चिकित्सालय र ललितपुर आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको भौतिक पूर्वाधार निर्माण तथा निरन्तरताका लागि रु. १६ करोड ६६ लाख विनियोजन गरेको छु।

१३९. जीवनचक्रमा आधारित पोषण विशेष योजना तर्जुमा गरी स्थानीय तहसँगको सहकार्यमा पोषण उपचार तथा पुनर्स्थापना केन्द्र सुदृढीकरण र विस्तार गरिनेछ। मेरो स्वास्थ्य मेरो जिम्मेवारी भन्ने मान्यतालाई प्रभावकारी बनाउन स्वस्थ भान्छाको अवधारणा अनुरुप

**भान्छा नै औषधालय हो, भान्छालाई विषमुक्त बनाऔं** भन्ने अभियानका साथ सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

१४०. योग, होमियोप्याथी, अकुपन्चर लगायतका वैकल्पिक चिकित्सा उपचार पद्धतिलाई प्रवर्धन गरिनेछ। चितवनस्थित आयुर्वेद औषधी उत्पादन केन्द्रबाट **असल उत्पादन अभ्यास** (Good Manufacturing Practices -GMP) मापदण्ड अनुसार आगामी वर्षदेखि आयुर्वेदिक औषधी उत्पादन सुरुवात गर्न रकम विनियोजन गरेको छु।

१४१. प्रादेशिक अस्पतालहरूमा अनलाइन टिकट प्रणाली तथा इलेक्ट्रोनिक मेडिकल अभिलेख र प्रतिवेदन प्रणाली क्रमशः लागु गर्दै स्वास्थ्य सेवामा डिजिटाइजेसन र सूचना प्रविधिको प्रयोगका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१४२. आन्तरिक तथा बाह्य बसाइसराईं, बढ्दो सहरीकरण र जनसाङ्ख्यिक परिवर्तनको प्रबृत्ति अध्ययन गरी जनसाङ्ख्यिक लाभ प्राप्त गर्न प्रदेश जनसङ्ख्या नीति तर्जुमा गरिनेछ।

१४३. स्थानीय तहमा स्वास्थ्य सेवा सञ्चालन तथा सुदृढीकरणका लागि सशर्त अनुदान मार्फत रु. ५६ करोड विनियोजन गरेको छु।

१४४. स्वास्थ्य मन्त्रालय तर्फ रु. ४ अर्ब ८ करोड विनियोजन गरेको छु।

## शिक्षा र सामाजिक विकास

१४५. सबै बालबालिकाको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच पुर्‍याउन स्थानीय तहसँगको साझेदारी र सहकार्यमा सञ्चालन हुँदै आएको **अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम**लाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु। यस कार्यक्रमको लागि रु. ९ करोड ५२ लाख विनियोजन गरेको छु।

१४६. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास तथा प्रविधिमैत्री शैक्षिक सुदृढीकरणका लागि **एकीकृत विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रम**लाई निरन्तरता दिएको छु। शिक्षक दरबन्दी कम भएका सामुदायिक विद्यालयहरुमा डिजिटल माध्यमबाट कक्षा सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१४७. अल्पसङ्ख्यक, लोपोन्मुख, अति सीमान्तकृत, दलित तथा विपन्न समुदायका छात्रछात्राहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्न शैक्षिक छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छु।

१४८. बागमती सार्वजनिक विश्वविद्यालयको पूर्वाधार निर्माण र शैक्षिक कार्यक्रम सञ्चालनका लागि रु. १० करोड विनियोजन गरेको छु। प्रदेश भित्र सञ्चालनमा रहेका सामुदायिक

क्याम्पसहरुलाई एक आपसमा गाभिन प्रोत्साहन गर्दै सामुदायिक क्याम्पसहरुलाई भौतिक विकास र शैक्षिक सबलीकरणका लागि नियमित अनुदानको सुरुवात गर्न रु. ४ करोड विनियोजन गरेको छु।

१४९. तालिम प्रदायक संस्थाहरुको क्षमता अभिवृद्धि गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पहुँच विस्तार गर्दै **सीप परीक्षण** गर्ने व्यवस्था मिलाइनेछ। सामुदायिक विद्यालयहरुमा **सिक्दै कमाउँदै, कमाउँदै सिक्दै** कार्यक्रमलाई विस्तार गर्न रु. ४ करोड १० लाख व्यवस्था गरेको छु।

१५०. प्रदेशका ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयहरुलाई स्थानीय तहसँगको साझेदारीमा आवासीय विद्यालयको रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न रु. ३ करोड विनियोजन गरेको छु। सहिदस्मृति आवासीय माध्यमिक विद्यालय, जिरीमा विपद् प्रभावित बालबालिकालाई छात्रवृत्ति सहित अध्ययन गर्ने व्यवस्थाका लागि बजेटको व्यवस्था गरेको छु।

१५१. स्थानीय तहसँगको साझेदारीमा चेपाङ, चिउरी र चमेरो संरक्षण र विपन्न दलित समुदायको सशक्तीकरण कार्यक्रम विस्तार गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१५२. गृहिणी महिला सशक्तीकरण कार्यक्रमलाई थप विस्तार गर्दै महिलालाई बहुआयामिक विकासमा मूलप्रवाहीकरण गर्न प्रादेशिक लैङ्गिक नीति तथा कानून तर्जुमा गरिनेछ। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका लागि सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्न रु. ११ करोड ६० लाख विनियोजन गरेको छु।

१५३. आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा विपन्न तथा सीमान्तकृत वनकरीया, चेपाङ, पहरी, थामी, जिरेल, माझी, हायु, सुरेल, बोटे लगायतका अतिसीमान्तकृत र लोपोन्मुख समुदायलाई शिक्षाको उचित प्रबन्ध र सशक्तीकरणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु। लैङ्गिक हिंसाबाट प्रभावितका लागि उद्धार, राहत, मनोसामाजिक परामर्श र सामाजिक पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिएको छु।

१५४. अपाङ्गता भएका व्यक्तिहरुलाई आर्थिक तथा सामाजिक सशक्तीकरण गर्न, दृष्टिविहीन र श्रवण सम्बन्धी समस्या भएकाहरुलाई शैक्षिक सामग्रीहरु उपलब्ध गराउन र बौद्धिक अपाङ्गता भएका व्यक्ति, अटिजम र मस्कुलर डिष्ट्रोफी लगायतका समस्याबाट पीडित बालबालिकाहरुको संरक्षण र पुनर्स्थापना सेवा प्रदान गर्ने केन्द्रहरुमा स्वयंसेवक थेरापिस्टको लागि बजेटको व्यवस्था गरेको छु।

१५५. ज्येष्ठ नागरिकको ज्ञान, सीप तथा अनुभवको पुस्तान्तरण एवं आत्मसम्मानका लागि कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु। उत्पीडित, अपहेलित, बेवारिसे, सहयोगापेक्षी सडक मानव, असहाय ज्येष्ठ नागरिक र लैङ्गिक हिंसा प्रभावितहरुको संरक्षण र पुनर्स्थापनाका लागि गरिने सहयोगलाई निरन्तरता दिएको छु।

१५६. असहाय ज्येष्ठ नागरिकहरुको संरक्षण र हेरचाहका लागि स्थापना भई २० जनाभन्दा बढी असहाय ज्येष्ठ नागरिकहरुलाई सेवा दिइरहेका हेरचाह केन्द्रहरुलाई केयर टेकरको व्यवस्था गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१५७. प्रदेश भित्र निरपेक्ष गरिबीको रेखामुनि रहेका नागरिकको जीवनस्तर सुधार गर्न **गरिबसँग प्रदेश सरकार** भन्ने नाराका साथ पहिचान भएका गरिब परिवारलाई कृषि, पशुपालन र साना व्यवसायिक कार्यका लागि दिइने कर्जामा ब्याज अनुदान दिन रु. १ करोड विनियोजन गरेको छु।

१५८. सामाजिक विकास मन्त्रालय तर्फ रु. ३ अर्ब ९१ करोड विनियोजन गरेको छु।

## युवा तथा खेलकुद

१५९. **स्वास्थ्य जीवन तथा स्वअनुशासनका लागि खेलकुद** भन्ने मान्यतालाई आत्मसात् गर्दै खेलाडीहरुको लागि प्रशिक्षणको उचित व्यवस्था गरी प्रतिभावान् र व्यावसायिक खेलाडीहरुको उत्पादन तथा प्रोत्साहन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१६०. चितवनको भरतपुर महानगरपालिकमा निर्माणधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालालाई सहलगानीमा सम्पन्न गर्न रु. १० करोड व्यवस्था गरेको छु। हेटौंडाको गौरीटारमा निर्माणाधीन अन्तर्राष्ट्रिय खेलकुद परिसर तथा निर्माणाधीन अन्य खेलकुद पूर्वाधार निर्माणका कार्यलाई निरन्तरता दिन रु. ७ करोड ५५ लाख विनियोजन गरेको छु।

१६१. **सबैका लागि खेलकुद**को अवसर प्रदान गर्न र स्थानीयस्तरमा हुने खेलकुदलाई प्रोत्साहन गर्न खेल पर्यटनको विकास एवम् प्रादेशिक खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ। यस कार्यक्रमका लागि रु. ८ करोड विनियोजन गरेको छु।

१६२. तालिम, सीप, बिउपुँजी प्रदान गरी युवालाई उद्यशीलतातर्फ आकर्षित गर्न आगामी आर्थिक वर्षमा **सीप वर्ष कार्यक्रम** सञ्चालन गरिनेछ।

१६३. युवा तथा खेलकुद मन्त्रालयतर्फ रु. ७४ करोड विनियोजन गरेको छु ।

## सडक, भवन र सहरी पूर्वाधार

१६४. स्थानीय तहसँगको सहकार्यमा उदीयमान सहरहरु र स्थानीय तहका केन्द्रहरुलाई मौलिक पहिचान सहितको व्यवस्थित सहर निर्माण गर्न र सहरी पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गर्नका लागि बजेटको ब्यवस्था गरेको छु।

१६५. बागमती प्रदेश सरकारले सञ्चालन गरेका **चेपाङ, बनकरिया, माझी, बोटे एकीकृत बस्ती तथा आवास कार्यक्रम, खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम** र **गरिब तथा विपन्न वर्गका लागि जनता आवास कार्यक्रम**लाई निरन्तरता दिन रु. ४० करोड विनियोजन गरेको छु। रुवी भ्याली एकीकृत विकास कार्यक्रमलाई निरन्तरता दिँदै मानव विकास सूचकांकमा पछाडि परेका थप स्थानीय तहमा एकीकृत विकास कार्यक्रम विस्तार गरिनेछ।

१६६. प्रदेश राजधानी रहेको हेटौंडालाई **'वृहत् हेटौंडा सहर'** को रुपमा रुपान्तरण गर्न आगामी आर्थिक वर्षमा सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१६७. संघीय सरकारसँगको समन्वयमा विपद् जोखिमयुक्त बस्तीहरु स्थानान्तरण गरी सामूहिक बस्ती विकासको पाइलट परियोजना सुरुवात गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु। नदी प्रणालीमा आधारित एकीकृत विकासको अभ्यासलाई संघ तथा स्थानीय तहसँगको सहकार्यमा अघि बढाइनेछ।

१६८. प्रदेश सरकारको प्रशासनिक केन्द्रको भवन, प्रदेश सरकार मातहत निर्माण हुने नयाँ कार्यालय भवनहरु र अन्य पूर्वाधार निर्माणको संरचनामा एकरुपता कायम गर्न **भवन संहिता मापदण्ड** कार्यान्वयनको लागि बजेट ब्यवस्था गरेको छु।

१६९. प्रदेश लोकमार्ग तथा प्रदेश मार्गको निर्माण तथा स्तरोन्नति गर्ने र सडकहरुको सीमा तोक्ने कार्यलाई **प्रदेश सडक यातायात गुरुयोजना** अन्तर्गत कार्यान्वयन हुने गरी विशेष प्राथमिकता दिएको छु। प्रदेश सडक यातायात गुरुयोजना अन्तर्गतका प्रादेशिक सडकहरुको निर्माण तथा विस्तार गर्न रु. ७ अर्ब ७८ करोड ३० लाख विनियोजन गरेको छु। संघीय सरकारका निकायसँग समन्वय गरी प्रदेश सडक यातायात गुरुयोजना अन्तर्गत काठमाडौं उपत्यका तथा प्रदेश राजधानी हेटौंडाका नदी करिडोरको अध्ययन गरी निर्माण कार्यलाई कार्यान्वनमा लैजानेछु।

१७०. बढ्दो सहरीकणलाई व्यवस्थित गर्न काठमाडौं उपत्यकाका खर्स्याग खोला, महादेव खोला, हनुमन्ते खोला, चितवनका कयर, लदरी नदी करिडोरको सम्भाव्यता अध्ययनको लागि संघीय सरकारसँग सहकार्य गरिनेछ।

१७१. **प्रदेश सडक यातायात गुरुयोजना** अन्तर्गतका सडकमा पर्ने नदी, खोला तथा खोल्सीहरुमा सडक पुल निर्माण गर्ने कार्य र प्रदेश सरकार मार्फत हुने लामो तरीको झोलुंगे पुलहरुको निर्माण कार्य प्राथमिकताका साथ अगाडि बढाइनेछ। स्थानीय तहबाट निर्माण गरिने झोलुंगे पुलहरुमा प्रदेश सरकारबाट प्रदान भइरहेको प्राविधिक तथा निर्माण सामग्री सहयोगलाई निरन्तरता दिइनेछ। सडक पुल तथा झोलुंगे पुल निर्माणका लागि रु. २ अर्ब २८ करोड विनियोजन गरेको छु।

१७२. सडक सम्पत्तिको प्रभावकारी तथा सुरक्षित उपभोग र जगेर्नाका लागि **दिगो सडकको आधारः नियमित मर्मत सम्भार**को नारा अनुरुप प्रादेशिक सडकहरुको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भारको लागि बजेट व्यवस्था गरेको छु। वैकल्पिक यातायात पूर्वाधारका नवीन प्रविधिको उपयोग गरी सहरी तथा अन्य पूर्वाधार र सडक सुरक्षा सम्बन्धी विषयको अध्ययन, अनुसन्धान गर्ने कार्यको लागि विश्वविद्यालयहरुसँग सहकार्य गरिनेछ।

१७३. बागमती प्रदेश सभाको निर्माणाधीन भवनलाई प्रविधिमैत्री बनाउँदै यसको निर्माण कार्य आगामी आर्थिक वर्ष भित्रै सम्पन्न गर्ने गरी बजेट व्यवस्था गरेको छु।

१७४. भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि रु. २२ अर्ब ६४ करोड विनियोजन गरेको छु।

**खानेपानी, ऊर्जा तथा सिँचाइ**

१७५. आगामी आर्थिक वर्षलाई नागरिकका घरमा शुद्ध खानेपानी र किसानका खेतमा पर्याप्त सिँचाइ सुविधा पुऱ्याउन **खानेपानी, सरसफाइ तथा सुलभ सिँचाइ वर्ष** अभियान चलाइनेछ। प्रदेशभित्र साना तथा मझौला स्तरका सतह र भूमिगत सिँचाइ आयोजनाहरु सञ्चालन गरिनेछ।

१७६. **एक घर एक धारा, पूर्ण सरसफाइ हाम्रो अभिभारा** अभियानलाई निरन्तरता दिँदै निर्माणाधीन साना, मझौला तथा ठूला खानेपानी आयोजनाहरुको कार्यान्वयन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१७७. प्रदेश भित्रका सुख्खाग्रस्त क्षेत्र लक्षित गरी खानेपानी र सिँचाइ सम्बन्धी विशेष प्रकृतिका आयोजनाहरु सञ्चालन गरिनेछ। भूमिगत सिँचाइ प्रभावकारी हुने चितवन, मकवानपुर, सिन्धुली लगायतका जिल्लाका विभिन्न स्थानहरुमा डिप ट्युवेल र सुख्खाग्रस्त पहाडी क्षेत्रमा लिफ्ट सिँचाइका व्यापक कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन

गरेको छु। उपभोक्ता समितिहरुलाई समेत जिम्मेवार बनाउँदै खानेपानी तथा सिँचाइ योजनाहरुको नियमित मर्मत सम्भारको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१७८. खानेपानी तथा पानीका मुहान, ऐतिहासिक ढुङ्गेधारा, परम्परागत राजकुलो, इनार, ताल तलैया र **पोखरी संरक्षण तथा पुनर्स्थापना** लगायत **भूमिगत जल व्यवस्थापन र पुनर्भरण कार्यक्रम** सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु।

१७९. बृहत् क्षेत्रफल भएका खेतीयोग्य जमिनहरूमा सिँचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न ठूला सिँचाइ आयोजनाहरूको पहिचान, सर्वेक्षण र छनौट कार्य अगाडि बढाउन आवश्यक बजेट व्यवस्था गरेको छु।

१८०. सेवाबाट बञ्चित समुदाय तथा क्षेत्रको लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सुनिश्चितता र सेवामा स्तरीकरण गर्न विद्यमान स्रोतहरुको औचित्यपूर्ण तथा समतामूलक वितरण र समस्याको दिगो समाधान सहितको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (NWASH Plan) तयारी कार्यक्रमलाई निरन्तरता दिएको छु।

१८१. संघीय सरकार र नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी लिफ्टिङ्ग, डिप ट्युबबेल खानेपानी तथा सिँचाइका लागि प्रयोग हुने विद्युत महशुलमा सहुलियत प्रदान गरिनेछ। निजी क्षेत्र, स्थानीय तह, खानेपानी बोर्ड तथा उपभोक्ता समिति लगायतका निकायहरुसँगको सहकार्यमा खानेपानी, शौचालय, ढल निर्माणका सहलगानी आयोजना सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१८२. संघीय सरकार र नेपाल विद्युत प्राधिकरणसँगको सहकार्य र समन्वयमा **बागमती प्रदेश, पूर्ण उज्यालो प्रदेश** अभियान अन्तर्गत ग्रामीण विद्युतीकरण, सोलार मिनी ग्रिड र अन्य वैकल्पिक ऊर्जाको प्रयोग मार्फत विद्युत सेवाको पहुँच नपुगेका घर परिवारका लागि ऊर्जाको पहुँच पुऱ्याइने व्यवस्था गरिने छ।

१८३. जलउत्पन्न प्रकोपको जोखिममा रहेका क्षेत्रहरुमा प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन कार्य गरिनेछ। गुरुयोजना तयार भएका नदीहरुमा तटबन्ध निर्माण लगायत अन्य आधुनिक प्रविधिको प्रयोगलाई प्राथमिकताका साथ अगाडि बढाउनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१८४. सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नदीमा भएको प्राकृतिक विपद्को कारण सिर्जित जलउत्पन्न जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि संघीय सरकार र स्थानीय तहसँग सहकार्य गरिनेछ। चितवनको रापि-लोथर नदी तटबन्धको लागि आवश्यक रकम विनियोजन गरेको छु।

१८५. पर्यटन प्रवर्धन र जलाधार व्यवस्थापनका लागि दोलखाको जिरीमा मानव निर्मित ताल र हेटौंडको गंगटेमा बहुउद्देश्यीय पोखरी निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१८६. खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको लागि जम्मा रु. ६ अर्ब ९३ करोड विनियोजन गरेको छु।

**कानून, शान्ति सुरक्षा र विपद् व्यवस्थापन**

१८७. विपद् सचेतना र सुरक्षालाई संस्कृतिकै रुपमा विकास गर्न, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि वडा तहदेखि नै स्वयंसेवक समूह परिचालन कार्यलाई विस्तार गर्न र प्रदेश गोदामघरमा विपद् गैर खाद्य तथा विपद् उद्धार सामग्री खरिदका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१८८. प्रदेश भित्रका विपद् जोखिम क्षेत्रहरुको पहिचान तथा नक्साङ्कन गरी उक्त क्षेत्रहरुमा बहुप्रकोप पूर्वसूचना प्रणालीको स्थापना र विकासका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१८९. प्रदेशको आपतकालीन कार्यसञ्चालन केन्द्रको सुदृढीकरण तथा स्थानीय तहका आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु। संघीय सरकार तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा विपद् प्रभावितलाई निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यका लागि लागत साझेदारी गर्न प्रदेश विपद् व्यवस्थापन कोषमा रकम थप गर्ने व्यवस्था मिलाएको छु।

१९०. कारागार तथा बाल सुधार गृहको भौतिक संरचना सुदृढीकरण र प्रविधि/यन्त्र उपकरण सहयोगका लागि रकम विनियोजन गरेको छु। कारागारहरुमा सीप विकास कार्यक्रम सञ्चालनलाई निरन्तरता दिएको छु।

१९१. प्रदेश प्रहरीका वहुवर्षीय/क्रमागत आयोजनाहरु सम्पन्न गर्न तथा निर्मित संरचनाको मर्मत सम्भार र बागमती प्रदेश प्रहरी अस्पताल निर्माणका लागि रकम विनियोजन गरेको छु।

१९२. प्रदेश अनुसन्धान ब्यूरो गठन गर्नका लागि रु. १ करोड विनियोजन गरेको छु।

१९३. प्रदेश भित्रका विभिन्न सुरक्षा संवेदनशील स्थानहरुमा सि.सि.टि.भी. जडानको लागि रु. ६ करोड छुट्याएको छु।

१९४. सिन्धुलीको भिमान र मकवानपुरको रातोमाटेमा आधुनिक सुरक्षा जाँच चौकी निर्माण गर्नका लागि आवश्यक व्यवस्था मिलाएको छु।

१९५. द्वन्द्वपीडित व्यक्तिहरुको उद्यमशीलता प्रवर्धन गरी स्वरोजगार बनाउन द्वन्द्वपीडित सबलीकरण कार्यक्रमलाई निरन्तरता दिएको छु।

१९६. विरोधलाई सभ्य संस्कारका रुपमा विकास गर्ने उद्देश्यले प्रत्येक जिल्ला सदरमुकाममा सार्वजनिक नागरिक प्रदर्शन स्थल निर्माण गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१९७. जनयुद्ध र विभिन्न जनआन्दोलनहरुमा साहदत प्राप्त गर्ने सहिदहरुको सम्मान र सम्झनामा प्रदेश भित्रका विभिन्न स्थानहरुमा शान्ति पार्क निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१९८. निःशुल्क न्यायिक सहायता प्रदान गर्ने उद्देश्यले प्रदेश सरकारबाट ६० प्रतिशत र सम्बन्धित स्थानीय तहबाट ४० प्रतिशतको लागत साझेदारी हुने गरी स्थानीय न्यायिक सहजकर्ता कार्यक्रमलाई निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेको छु।

१९९. प्रदेश कानूनको प्रचार प्रसार गर्न विद्यालयस्तरदेखि नै कानूनी सचेतना कार्यक्रम कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

२००. मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धन तथा फैसला कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

२०१. आमसञ्चार तथा सूचना प्रविधि र साइबर सुरक्षा सचेतना अभिवृद्धि गर्न एवम् सामाजिक सञ्जाल समेतको प्रयोगलाई मर्यादित बनाउन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। प्रदेशस्तरको डाटा सेन्टर निर्माणको सम्भाव्यता अध्ययन, डाटा सर्भर खरिद, जडान र सञ्चालनका लागि रु. २ करोड १० लाख बजेट व्यवस्था मिलाएको छु।

२०२. बागमती प्रदेशसँग सम्बन्धित विषयमा मौलिक चलचित्र, वृत्तचित्र, लघुचित्र निर्माण गरी नेपालको बहुसंस्कृति पहिचान गर्ने, गराउने कार्यलाई निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेको छु।

२०३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको लागि रु. ४४ करोड विनियोजन गरेको छु।

**सार्वजनिक सेवा र सुशासन प्रवर्धन**

२०४. मानव विकास सूचकाङ्कमा पछाडि परेका प्रदेशभित्रका १३ जिल्लाका एक/एक वटा स्थानीय तहका एक/एक वटा वडामा सामाजिक आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकारको ९० प्रतिशत र स्थानीय तहको १० प्रतिशत लगानीमा नमुना वडा

समाजवादी कार्यक्रम स्थानीय तहबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छ। यसका लागि प्रदेश सरकारबाट कुल रु. ११ करोड ७० लाख विनियोजन गरेको छ।

२०५. जिल्ला समन्वय समितिको जिम्मेवारी क्षेत्र भित्र रहेको विकास निर्माण कार्यको अनुगमन र जिल्ला समन्वय समितिको कार्यालय सुदृढीकरणका लागि सहयोग कार्यक्रमलाई निरन्तरता दिँदै कुल रु. ५ करोड २० लाख विनियोजन गरेको छ।

२०६. प्रदेश सुशासन केन्द्रलाई प्रादेशिक प्रशिक्षण तथा तालिम केन्द्रका रुपमा विकास गरी प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने तालिम कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

२०७. विद्युतीय शासनको अवधारण अनुरुप सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, मितव्ययी र नागरिकमैत्री बनाउँदै प्रदेशमा विद्युतीय शासन कार्यान्वयनको लागि आगामी आर्थिक वर्षदेखि सबै कार्यालयहरुमा स्वःचालित प्रणाली लागु गर्न रकम विनियोजन गरेको छु।

२०८. संघीय सरकारसँगको समन्वयमा प्रदेश किताबखानाको संस्थागत सुदृढीकरण गरी कर्मचारीको सिटरोल, सम्पत्ति विवरण र तलबी प्रतिवेदन व्यवस्थापन साथै स्थानीय तहका कर्मचारीहरुको वैयक्तिक अभिलेख प्रणाली सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु।

२०९. आगामी आर्थिक वर्ष प्रदेश निजामती सेवा तथा स्थानीय सेवासँग सम्बन्धित नियमावली तर्जुमा गरिनेछ। प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको वृत्ति विकासलाई अनुमान योग्य बनाई कर्मचारीको सरुवालाई प्रदेशको भौगोलिक विशिष्टताको अनुभव प्राप्त हुने गरी चक्रीय प्रणालीमा आबद्ध गरिनेछ।

२१०. संघीय सरकारसँगको समन्वयमा प्रदेशमा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित गर्न वैदेशिक अध्ययन भ्रमण र तालिमको थप अवसर प्रदान गर्न पहल गरिनेछ। कर्मचारीहरुको मनोबल वृद्धि गर्न प्रदेशमा कार्यरत कर्मचारीहरूलाई दिँदै आएको आन्तरिक पर्यटन काज कार्यक्रमलाई आगामी आर्थिक वर्ष समेत निरन्तरता दिएको छु।

२११. भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं राष्ट्रिय रणनीतिक योजना बमोजिम भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको नीति लिइनेछ। भ्रष्टाचार न्यूनीकरणका लागि प्रवर्द्धनात्मक, निरोधात्मक तथा उपचारात्मक उपायसहित प्रादेशिक रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ। प्रदेश सुशासन ऐन तथा नियमावली बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिको बैठकलाई नियमित बनाई मन्त्रालयगत तथा जिल्लागत समितिहरूलाई क्रियाशील गरिनेछ।

२१२. प्रदेश सभाका विषयगत समितिहरुको कामकारबाहीलाई प्रभावकारी बनाउन क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम गरिनेछ। प्रदेश सभाबाट तर्जुमा हुने कानूनमा समावेश गर्नुपर्ने विषय र कानूनहरुको कार्यान्वयनको अवस्थाको सम्बन्धमा सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गरी कानून तर्जुमालाई प्रभावकारी बनाइनेछ।

२१३. प्रदेश सरकारका कार्यालयहरुमा स्वीकृत स्थायी दरबन्दीमा कार्यरत करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन अध्ययन गरी सो प्रतिवेदनका आधारमा सामाजिक सुरक्षा कार्यक्रमलाई विस्तार गर्दै लगिने छ।

**प्रदेश लोक सेवा आयोग**

२१४. बागमती प्रदेश अन्तर्गतका कार्यालयहरु तथा स्थानीय तहहरुमा योग्य तथा दक्ष जनशक्तिको छनौट प्रक्रिया प्रभावकारी बनाइने छ।

२१५. समय सापेक्ष पाठ्यक्रममा सुधार गर्दै प्रदेश तथा स्थानीय तहहरुमा आवश्यक जनशक्ति छनौट र पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगलाई भौतिक स्रोत साधन सम्पन्न बनाउन आवश्यक बजेट व्यवस्था गरेको छु।

२१६. लोक सेवा आयोगमा कार्यरत जनशक्तिलाई प्रविधि दक्ष बनाई कार्यक्षमतामा अभिवृद्धि गर्न विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

**प्रदेश नीति तथा योजना**

२१७. प्रदेश सरकारका मन्त्रालय तथा निकायबाट सञ्चालन हुने प्रादेशिक महत्वका आयोजनाहरुलाई गौरवको आयोजनाको रुपमा छनौट गरी कार्यान्वयन गर्न आगामी आर्थिक वर्ष **प्रदेश गौरव आयोजना मापदण्ड** तर्जुमा गरिनेछ।

२१८. प्रदेशको दोस्रो आवधिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि विषयगत मन्त्रालय र निकायहरूका वार्षिक कार्यक्रम तथा बजेट र योजनाका विच तादात्म्यता कायम गर्न आवश्यक समन्वय गरिनेछ।

२१९. प्रदेश तथ्याङ्कलाई यथार्थपरक, भरपर्दो र विश्वसनीय बनाई प्रदेशका योजना, नीति र कानून निर्माणको आधार बनाउन प्रदेश तथ्याङ्क ऐन र नियमावली तर्जुमा गरिनेछ।

२२०. आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याई प्रदेश सरकारबाट सञ्चालन हुने आयोजना छनौट प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाइने छ।

२२१. महिला, दलित, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय र विपन्न वर्ग तथा पिछडिएको क्षेत्रको शिक्षा, स्वास्थ्य, आवास, पूर्वाधार तथा आर्थिक विकासको लागि प्रदेश सरकारले सञ्चालन गरेका आयोजना र कार्यक्रमहरूको प्रभाव मूल्याङ्कन गर्नका लागि रकम विनियोजन गरेको छु।

**वित्तीय क्षेत्र**

२२२. व्यवसायिक उत्पादन वृद्धि तथा थप रोजगारी सिर्जनाको उद्देश्य अनुरुप शुरु गरिएको **सहुलियतपूर्ण ऋृण प्रवाह कार्यक्रम**लाई निरन्तरता दिनको लागि रु. १ अर्ब ५० करोड छुट्याएको छु। यस कार्यक्रमको प्रभावकारिता अध्ययन गरी कार्यान्वयन कार्यविधिलाई थप वैज्ञानिक बनाइनेछ।

२२३. वित्तीय साक्षरता र वित्तीय पहुँच अभिवृद्धि गर्न संघीय सरकार, स्थानीय तह, वित्तीय संस्थाहरूसँगको सहकार्यमा आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**माननीय सभामुख महोदय,**

मैले माथि उल्लेख गरेका क्षेत्रगत नीति तथा कार्यक्रमका लागि गरेको विनियोजन र स्रोतगत अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२२४. आगामी आर्थिक वर्षको लागि प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्न रु. ६४ अर्ब ५४ करोड ४ लाख ३१ हजार विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालुतर्फ रु. २६ अर्ब १० करोड १६ लाख ८२ हजार, पुँजीगततर्फ रु. ३६ अर्ब ९३ करोड ८७ लाख ४९ हजार र वित्तीय व्यवस्थातर्फ रु. १ अर्ब ५० करोड विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालुतर्फ ४०.४४ प्रतिशत, पुँजीगततर्फ ५७.२३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ २.३२ प्रतिशत रहेको छ।

२२५. आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत मध्ये कर राजस्वबाट रु. २७ अर्ब ५८ करोड ५७ लाख, अन्य राजस्वबाट रु. ६ अर्ब ५१ करोड १६ लाख ७९ हजार, संघीय वित्तीय हस्तान्तरणबाट रु. १५ अर्ब ५७ करोड ५६ लाख, चालु आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र अन्य प्राप्तिबाट रु. १४ अर्ब ८६ करोड ७४ लाख ५१ हजार व्यहोरिने अनुमान गरिएको छ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्षका लागि राजस्व सम्बन्धी नीति र कार्यक्रम तथा छुट र सहुलियत सम्बन्धी प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२२६. प्रदेश राजस्व परामर्श समितिको परामर्श तथा सुझावका आधारमा राजस्वको नयाँ क्षेत्रको पहिचान गरी प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रभित्र रहेका विज्ञापन कर, मनोरञ्जन कर, ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्कमा परिमार्जन गरिएको छ।

२२७. प्रदेशको अधिकार क्षेत्रभित्रका अधिकांश करका दरहरू यथावत् नै राखी चालु आर्थिक वर्षमा तोकिएका करका दरहरूको कार्यान्वयनमा देखिएका द्विविधाहरू हटाउने गरी केही करका दरहरूमा सामान्य परिमार्जन गरेको छु।

२२८. प्रदेश सरकारको एकल अधिकार क्षेत्रभित्र रहेको कृषि आयमा लाग्ने करको क्षेत्र तथा आधार निर्धारण गर्ने सम्बन्धमा थप अध्ययन गरिनेछ।

२२९. प्रदेश भित्र दर्ता भई २० वर्ष वा सो भन्दा बढी अवधि पूरा भएका सार्वजनिक सवारी साधनका धनीले आफ्नो सवारी साधनको दर्ता खारेज गराउने प्रयोजनार्थ २०८१ पुष मसान्तसम्म २० वर्ष अवधिसम्मको तिर्न बुझाउन बाँकी सवारी साधन कर र नवीकरण दस्तुर बुझाएमा जरिवानामा ८० प्रतिशत छुट हुनेछ।

२३०. ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर शुल्कको क्षेत्राधिकारलाई स्पष्ट गरी राजस्व संकलन, परिचालन र बाँडफाँटलाई थप प्रभावकारी बनाउन संघ र स्थानीय तहसँग समन्वय गरिनेछ।

२३१. मालपोत कार्यालयबाट संकलन हुने घरजग्गा रजिष्ट्रेशन शुल्कलाई यथावत् राखी अन्य सेवा शुल्कमा सामान्य परिमार्जन गरेको छु।

२३२. सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थिएटर/नाटकघर, दोहोरी साँझ, डान्सबार, नाइट क्लब, क्यासिनो, पार्क प्रवेश, फुटसल, स्वीमिङ पुल, जिपलाइन, स्वीङ, आकाशे सिसाको पुल, बन्जी जम्प लगायतका क्षेत्रमा बिलको प्रतिशतमा लगाइदै आएको करलाई आवश्यक परिमार्जन गरी मनोरञ्जन करको दायरालाई थप विस्तार गरेको छु।

२३३. विज्ञापन करको संकलन तथा प्रशासनमा एकरूपता कायम गर्न र थप प्रभावकारी बनाउन विज्ञापन कर सम्बन्धी नमुना कानून बनाई स्थानीय तहलाई उपलब्ध गराइएकोले आगामी आर्थिक वर्षमा विज्ञापन कर बापत उठ्ने राजस्वमा वृद्धि हुने अनुमान गरेको छु।

२३४. व्यवसायिक फर्म दर्ता गरी नवीकरण नगरेका उद्योग, फर्म (प्राइभेट र साझेदारी) र व्यवसायले आर्थिक वर्ष २०७७/७८, २०७८/७९ र २०७९/८० को नवीकरण दस्तुर र जरिवाना सम्वत् २०८१ साल पुष मसान्तभित्र दाखिला गरेमा सो भन्दा अगाडिका

वर्षहरुमा दाखिला गर्नु पर्ने जरिवाना मिनाहा गरी नवीकरण दस्तुरमा ५० प्रतिशत छुट दिइनेछ।

२३५. प्रदेश सरकार मातहतका प्रदेश अस्पताल र जिल्ला आयुर्वेद तथा वैकल्पिक चिकित्सालय लगायतका स्वास्थ्य संस्थाहरुबाट संकलन भएको सेवा शुल्क बापतको रकम प्रदेश सञ्चित कोषमा दाखिला हुने व्यवस्था मिलाइनेछ।

२३६. कर तथा गैर कर राजस्व संकलनलाई वस्तुनिष्ठ र प्रभावकारी बनाउन राजस्व संकलन गर्ने निकायहरुको जिम्मेवारी निर्धारण गरिनेछ। राजस्व संकलनमा संलग्न निकायहरूको संस्थागत सुदृढीकरण र सबलीकरण गरी राजस्व प्रशासनको क्षमता अभिवृद्धि गरिनेछ। राजस्व चुहावट नियन्त्रण गर्न संघीय सरकार र स्थानीय तहसँग सहकार्य र समन्वय गरिनेछ।

२३७. प्रदेशको आन्तरिक स्रोत परिचालनलाई दिगो र भरपर्दो बनाउन आय परिचालनका थप क्षेत्रहरू पहिचान गरिनेछ। प्रदेशको स्रोत परिचालन सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न विज्ञ सहितको कार्यदल गठन गरिनेछ।

**माननीय सभामुख महोदय,**

२३८. आर्थिक वर्ष २०७९/८० को यथार्थ खर्च, चालु आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमान र आर्थिक वर्ष २०८१/८२ को शिर्षगत र स्रोत सहितको आय-व्यय अनुमान साथै पेश गरेको छु। अनुमानित आय-व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु।

२३९. माथि उल्लेख गरिएका कार्यक्रमहरूको कार्यान्वयनबाट प्रदेशको समग्र आर्थिक गतिविधिमा सुधार भई उत्पादन, उत्पादकत्व र रोजगारी अवसर वृद्धि हुने हुँदा नेपाल सरकारले लिएको ६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सघाउ पुऱ्याउने विश्वास लिएको छु।

२४०. यस बजेटको कार्यान्वयनले प्रदेशको सेवा प्रवाहमा सुधार भई दिगो शान्ति, सुशासन विकास र समृद्धि हासिल हुने अपेक्षा गरेको छु। साथै प्रदेशको विकासको मुल आधारको रुपमा रहेको भौतिक पूर्वाधार विकास, रोजगारी वृद्धि, आर्थिक क्रियाकलापमा वृद्धि, उत्पादन उत्पादकत्वमा सुधार र नागरिकहरुको जीवनस्तरमा अभिवृद्धि भई समृद्ध प्रदेशको आधारशीला तयार हुने कुरामा विश्वास लिएको छु।

२४१. अन्त्यमा, बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने माननीय प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, प्रदेश सभाका माननीय सभामुख, माननीय उपसभामुख, माननीय मन्त्रीहरु, प्रदेश सभाका

विषयगत समितिका माननीय सभापतिहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु। मैले यस सम्मानित सभामा पेश गरेको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता छलफलका क्रममा माननीय सदस्यहरूबाट प्राप्त सुझाव प्रति हार्दिक आभार व्यक्त गर्दछु। बजेट तर्जुमाका क्रममा प्राप्त सुझावका लागि आम प्रदेशवासी, राजनीतिक दल, करदाता, विभिन्न क्षेत्रका विज्ञ, निजी क्षेत्र, सञ्चार जगत, नागरिक समाज, सबै राष्ट्रसेवक कर्मचारीहरू लगायत सरोकारवाला सबै प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै बजेट कार्यान्वयनमा समेत रचनात्मक सहयोगको अपेक्षा गरेकोछु।

धन्यवाद।

# अनुसूचीहरु

# आय व्ययको विवरण

## आर्थिक वर्ष २०८१/८२

अनुसूची - १
(रु.हजारमा)

| विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | रकम | स्रोत | | |
| | | | | प्रदेश सरकार | संघ अनुदान | |
| | | | | | संघ | वैदेशिक |
| **१ राजस्व (२+३+४)** | **५९,३३,८८,७७** | **५१,०६,८४,५७** | **४८,९६,४८,३१** | **४८,९६,४८,३१** | **०** | **०** |
| २ कर | २१,०३,०४,०५ | १९,६६,६९,७८ | २७,५८,५७,०० | २७,५८,५७,०० | ० | ० |
| ३ अन्य राजस्व | ४,९०,७७,३४ | ४,५१,०२,४१ | ६,५१,१६,७९.८१ | ६,५१,१६,७९.८१ | ० | ० |
| ४ बिबिध प्राप्ति | ३३,४०,०७,३८ | २६,८९,१२,३८ | १४,८६,७४,५१.१९ | १४,८६,७४,५१.१९ | ० | ० |
| **५ प्रदेश सञ्चित कोषमा दाखिला हुने(१-४)** | **५९,३३,८८,७७** | **५१,०६,८४,५७** | **४८,९६,४८,३१** | **४८,९६,४८,३१** | **०** | **०** |
| **६ वित्तीय हस्तान्तरण अनुदान** | **१७,३९,६५,६२** | **१३,७३,७६,०५** | **१५,५७,५६,००** | **०** | **१४,३२,३०,२५** | **१,२५,२५,७५** |
| **७ प्रदेश सरकारको राजस्व र अनुदान (५+६)** | **७६,७३,५४,३९** | **६४,८०,६०,६२** | **६४,५४,०४,३१** | **४८,९६,४८,३१** | **१४,३२,३०,२५** | **१,२५,२५,७५** |
| **८ खर्च (९+१०+११)** | **४६,२६,१९,७४** | **४७,९८,७८,२९** | **६३,०४,०४,३१** | **४७,४६,४८,३१** | **१४,३२,३०,२५** | **१,२५,२५,७५** |
| ९ चालु | १०,३१,७४,३१ | १२,४०,२९,३४ | १७,७९,९७,७४ | १३,६३,२७,७४ | ३,६२,९३,२५ | ५३,७६,७५ |
| १० पूंजीगत खर्च | २८,२७,९५,६८ | २७,९२,९९,६९ | ३६,९३,८७,४९ | २५,५३,०१,४९ | १०,६९,३७,०० | ७१,४९,०० |
| ११ वित्तीय हस्तान्तरण चालु | ७,६६,४९,७५ | ७,६५,४९,२६ | ८,३०,१९,०८ | ८,३०,१९,०८ | ० | ० |
| **१२ बजेट बचत(-) न्यून(+) (८-७)** | **-३०,४७,३४,६५** | **-१६,८१,८२,३३** | **-१,५०,००,००** | **-१,५०,००,००** | **०** | **०** |
| **१३ वित्तीय व्यवस्था** | **४८,८८,८०** | **१७,५०,००** | **१,५०,००,००** | **१,५०,००,००** | **०** | **०** |
| **१४ आन्तरिक वित्तीय सम्पत्ति (१५+१६)** | **४८,८८,८०** | **१७,५०,००** | **१,५०,००,००** | **१,५०,००,००** | **०** | **०** |
| १५ सार्वजनिक संस्थानमा ऋण लगानी | ६०,००,०० | ३७,५०,०० | १,५०,००,०० | १,५०,००,०० | ० | ० |
| १६ संस्थानबाट ऋण लगानी फिर्ता (-) | -११,११,२० | -२०,००,०० | ० | ० | ० | ० |
| **१७ बजेट बचत(-) न्यून (+) (१२+१३)** | **-२९,९८,४५,८५** | **-१६,६४,३२,३३** | **०** | **०** | **०** | **०** |
| **१८ कुल आम्दानी** | **७६,८४,६५,५९** | **६५,००,६०,६२** | **६४,५४,०४,३१** | **४८,९६,४८,३१** | **१४,३२,३०,२५** | **१,२५,२५,७५** |
| **१९ कुल खर्च** | **४६,८६,१९,७४** | **४८,३६,२८,२९** | **६४,५४,०४,३१** | **४८,९६,४८,३१** | **१४,३२,३०,२५** | **१,२५,२५,७५** |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान
## आर्थिक वर्ष २०८१/८२

अनुसूची - २
(रु.हजारमा)

| शीर्षक | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| **कर** | **२१,०३,०४,०५** | **१९,६६,६९,७८** | **२७,५८,५७,००** | **२७,५८,५७,००** | **०** |
| **आय, मुनाफा तथा पूँजीगत लाभमा लाग्ने कर** | **०** | **८** | **१०,००** | **१०,००** | **०** |
| **एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर** | **०** | **८** | **१०,००** | **१०,००** | **०** |
| कृषि आयमा कर | ० | ८ | १०,०० | १०,०० | ० |
| **सम्पत्ति कर** | **५,४८,८६,९६** | **४,५९,४३,४९** | **७,७०,००,००** | **७,७०,००,००** | **०** |
| **घरजग्गा रजिष्टेशन दस्तुर** | **५,४८,८६,९६** | **४,५९,४३,४९** | **७,७०,००,००** | **७,७०,००,००** | **०** |
| घरजग्गा रजिष्टेशन दस्तुर | ५,४८,८६,९६ | ४,५९,४३,४९ | ७,७०,००,०० | ७,७०,००,०० | ० |
| **वस्तु तथा सेवामा आधारित कर** | **१५,४७,८९,१०** | **१५,०७,२६,२१** | **१९,८८,४७,००** | **१९,८८,४७,००** | **०** |
| **मूल्य अभिवृद्धि कर (मू.अ .क.)** | **६,८२,९६,८०** | **६,१६,८४,७३** | **८,६१,८५,४०** | **८,६१,८५,४०** | **०** |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६,८२,९६,८० | ६,१६,८४,७३ | ८,६१,८५,४० | ८,६१,८५,४० | ० |
| **अन्तः शुल्क** | **२,४८,०६,२९** | **२,२५,९४,२५** | **३,६९,३६,६०** | **३,६९,३६,६०** | **०** |
| बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | २,४८,०६,२९ | २,२५,९४,२५ | ३,६९,३६,६० | ३,६९,३६,६० | ० |
| **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **६,१४,५६,६८** | **६,६२,१२,३२** | **७,५०,००,००** | **७,५०,००,००** | **०** |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ६,१४,५६,६८ | ६,६२,१२,३२ | ७,५०,००,०० | ७,५०,००,०० | ० |
| **मनोरञ्जन तथा विज्ञापन कर** | **२,२९,३३** | **२,३४,९१** | **७,२५,००** | **७,२५,००** | **०** |
| बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ५८,४१ | ५९,८८ | ५,३५,०० | ५,३५,०० | ० |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १,७०,९२ | १,७५,०३ | १,९०,०० | १,९०,०० | ० |
| **अन्य कर** | **६,२७,९९** | **०** | **०** | **०** | **०** |
| **व्यवसायले भुक्तानी गर्ने** | **६,२७,९९** | **०** | **०** | **०** | **०** |
| व्यवसायले भुक्तानी गर्ने | ६,२७,९९ | ० | ० | ० | ० |
| **अनुदान** | **१७,३९,६५,६२** | **१३,७३,७६,०५** | **१५,५७,५६,००** | **१५,५७,५६,००** | **०** |
| **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **१७,३९,६५,६२** | **१३,७३,७६,०५** | **१५,५७,५६,००** | **१५,५७,५६,००** | **०** |
| **अन्तरसरकारी अनुदान** | **१७,३९,६५,६२** | **१३,२८,७६,०५** | **१४,८६,८२,००** | **१४,८६,८२,००** | **०** |
| समानिकरण अनुदान | ७,३५,४०,२५ | ५,९३,८८,०५ | ८,२४,३४,०० | ८,२४,३४,०० | ० |
| शसर्त अनुदान चालु | ३,३८,९२,२१ | २,४२,२४,०० | २,३८,०४,०० | २,३८,०४,०० | ० |
| शसर्त अनुदान पुँजीगत | ४,८२,३३,१६ | ३,३४,६४,०० | १,६०,५५,०० | १,६०,५५,०० | ० |
| विषेश अनुदान चालु | ७९,००,०० | २८,००,०० | २८,३९,०० | २८,३९,०० | ० |
| समपुरक अनुदान पुँजीगत | १,०४,००,०० | १,३०,००,०० | ८५,५०,०० | ८५,५०,०० | ० |
| अन्य अनुदान चालु (सङ्घ सरकारबाट पछि प्राप्त हुनसक्ने सशर्त अनुदान) | ० | ० | १,५०,००,०० | १,५०,००,०० | ० |
| **अन्तरसरकारी पूँजीगत अनुदान** | **०** | **४५,००,००** | **७०,७४,००** | **७०,७४,००** | **०** |
| विषेश पूँजीगत अनुदान | ० | ४५,००,०० | ७०,७४,०० | ७०,७४,०० | ० |
| **अन्य राजस्व** | **४,९०,७७,३४** | **४,५१,०२,४१** | **६,५१,१६,७९.८१** | **६,५१,१६,७९.८१** | **०** |
| **सम्पत्तिबाट प्राप्त आय** | **६६,२८,०४** | **१,१५,३३,०५** | **१,९८,०८,१०.८२** | **१,९८,०८,१०.८२** | **०** |
| **भाडा र रोयल्टी** | **६६,२८,०४** | **१,१५,३१,९३** | **१,९८,०७,००.३२** | **१,९८,०७,००.३२** | **०** |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १६,३४ | २१,५८ | २०,०० | २०,०० | ० |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | ७,७५,१३ | १५,७५,१३.०७ | १५,७५,१३.०७ | ० |
| बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ० | ४,११,३२ | ४,११,३१.९६ | ४,११,३१.९६ | ० |
| बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ० | ३५,६७,५४ | ३५,६७,५३.६५ | ३५,६७,५३.६५ | ० |

| शीर्षक | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ६५,८८,३९ | ६५,४९,७८ | १,४०,००,०० | १,४०,००,०० | ० |
| बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ० | १,८८,०२ | १,८८,०१.६४ | १,८८,०१.६४ | ० |
| अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | २३,३१ | १८,५६ | ४५,०० | ४५,०० | ० |
| **अन्य शुल्क** | **०** | **१,१२** | **१,१०.५** | **१,१०.५** | **०** |
| पर्यटन शुल्क | ० | १,१२ | १,१०.५ | १,१०.५ | ० |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **४,२१,४५,६७** | **३,३२,७१,९८** | **४,४९,५२,९८.६१** | **४,४९,५२,९८.६१** | **०** |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **१,२१,१७,४७** | **१३,५६,८०** | **४,५८,०७.६७** | **४,५८,०७.६७** | **०** |
| कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | २,९३,१६ | २,९५,४९ | ३,८०,०० | ३,८०,०० | ० |
| सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | १६,७५ | ५८,०८ | ५३,०७.६७ | ५३,०७.६७ | ० |
| अन्य विक्रीबाट प्राप्त रकम | १,२५ | ३६ | ५,०० | ५,०० | ० |
| अन्य सेवा शुल्क तथा बिक्री | १,१८,०६,३१ | १०,०२,८७ | २०,०० | २०,०० | ० |
| **प्रशासनिक सेवा शुल्क** | **९०,४१,१९** | **९४,१९,३८** | **१,२६,४६,९३** | **१,२६,४६,९३** | **०** |
| शिक्षा क्षेत्रको आम्दानी | ५,३६ | ४,०५ | १०,०० | १०,०० | ० |
| परीक्षा शुल्क | १२,३९,५६ | १९,२७,१३ | ३०,८६,९३ | ३०,८६,९३ | ० |
| यातायात क्षेत्रको आम्दानी | ७३,००,६८ | ६७,७७,१८ | ८५,००,०० | ८५,००,०० | ० |
| अन्य प्रशासनिक सेवा शुल्क | ४,९५,५९ | ७,११,०२ | १०,५०,०० | १०,५०,०० | ० |
| **अन्य प्रशासनिक दस्तुरहरु** | **२,०५,०५,४९** | **२,१९,४६,०७** | **२,७८,५७,९७.९४** | **२,७८,५७,९७.९४** | **०** |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३१,५३,०७ | २९,२८,१६ | ५२,५०,०० | ५२,५०,०० | ० |
| रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ३६,०८ | ५,०५ | २७,०० | २७,०० | ० |
| टेलिभिजन सञ्चालन दस्तुर | ३५,०१ | ३,८८ | ७२,०० | ७२,०० | ० |
| चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | १,७२,८१,३३ | १,९०,०८,९८ | २,२५,०८,९७.९४ | २,२५,०८,९७.९४ | ० |
| **अन्य प्रशासनिक सेवा शुल्क** | **४,८१,५२** | **५,४९,७३** | **३९,९०,००** | **३९,९०,००** | **०** |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | १ | ० | ० | ० | ० |
| वन क्षेत्रको अन्य आय | ४,८१,५१ | ५,४९,७३ | ३९,९०,०० | ३९,९०,०० | ० |
| **दण्ड जरिवाना र जफत** | **२,६२,३७** | **२,८६,८५** | **३,१८,२४.१५** | **३,१८,२४.१५** | **०** |
| **दण्ड,जरिवाना र जफत** | **२,६२,३७** | **२,८६,८५** | **३,१८,२४.१५** | **३,१८,२४.१५** | **०** |
| न्यायिक दण्ड,जरिवाना र जफत | ३८ | ० | ० | ० | ० |
| प्रशासनिक दण्ड,जरिवाना र जफत | २,६०,५२ | २,८५,९४ | ३,०८,२४.१५ | ३,०८,२४.१५ | ० |
| धरौटी सदरस्याहा | १,४७ | ९१ | १०,०० | १०,०० | ० |
| **विविध राजस्व** | **४१,२६** | **१०,५३** | **३७,४६.२३** | **३७,४६.२३** | **०** |
| **चालु दावी तथा अन्य शुल्कहरू** | **४,९६** | **२,६६** | **२,४६.२३** | **२,४६.२३** | **०** |
| बीमा दावी प्राप्ति | ४,९६ | २,६६ | २,४६.२३ | २,४६.२३ | ० |
| **अन्य राजस्व** | **३६,३०** | **७,८७** | **३५,००** | **३५,००** | **०** |
| अन्य राजस्व | ३६,३० | ७,८७ | ३५,०० | ३५,०० | ० |
| **बिविध प्राप्ति** | **३३,४०,०७,३८** | **२६,८९,१२,३८** | **१४,८६,७४,५१.१९** | **१४,८६,७४,५१.१९** | **०** |
| **बिविध प्राप्ति** | **३३,४०,०७,३८** | **२६,८९,१२,३८** | **१४,८६,७४,५१.१९** | **१४,८६,७४,५१.१९** | **०** |
| **बिविध प्राप्ति** | **१,४५,९३,६१** | **७३,३२,३४** | **७३,४२,१९.०९** | **७३,४२,१९.०९** | **०** |
| बेरूजू | ९,३६,८८ | १०,०९,५४ | १०,०९,५४.०९ | १०,०९,५४.०९ | ० |
| निकासा फिर्ता | १,७८,६६ | १५,१५ | २५,०० | २५,०० | ० |
| अनुदान फिर्ता | १,३४,७८,०७ | ६३,०७,६५ | ६३,०७,६५ | ६३,०७,६५ | ० |
| **नगद तथा मौज्दात** | **३१,९४,१३,७७** | **२६,१५,८०,०४** | **१४,१३,३२,३२.१** | **१४,१३,३२,३२.१** | **०** |

| शीर्षक | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| गत वर्षको नगद मौज्दात | ३१,९४,१३,७७ | २६,१५,८०,०४ | १४,१३,३२,३२.१ | १४,१३,३२,३२.१ | ० |
| **वित्तीय सम्पत्ति** | **११,११,२०** | **२०,००,००** | **०** | **०** | **०** |
| **आन्तरिक वित्तीय सम्पत्ति** | **११,११,२०** | **२०,००,००** | **०** | **०** | **०** |
| **खूद ऋण लगानी** | **११,११,२०** | **२०,००,००** | **०** | **०** | **०** |
| संस्थानबाट ऋण लगानी फिर्ता (-) | ११,११,२० | २०,००,०० | ० | ० | ० |
| **जम्मा ( राजस्व / प्राप्ति )** | **७६,८४,६५,५९** | **६५,००,६०,६२** | **६४,५४,०४,३१** | **६४,५४,०४,३१** | **०** |
| **राजस्व बाँडफाँट** | | | | | |
| **प्रदेश सञ्चित कोषमा दाखिला हुने राजस्व** | **७६,८४,६५,५९** | **६५,००,६०,६२** | **६४,५४,०४,३१** | **६४,५४,०४,३१** | **०** |

# कार्यगत व्यय अनुमान
## आर्थिक वर्ष २०८१/८२

अनुसूची - ३
(रु.हजारमा)

| शीर्षक | २०८१/८२ को लक्ष्य | | | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | प्रदेश | स्थानीय तह | |
| **सामान्य सार्वजनिक सेवा** | **१७,०७,८७,८९** | **८,७७,६८,८१** | **८,३०,१९,०८** | **२६.४६** |
| सामान्य सेवा | ३,९८,५६,३७ | ३,९८,५६,३७ | ० | |
| आधारभूत अनुसन्धान | १,६५,४५,५५ | १,६५,४५,५५ | ० | |
| सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास | १४,३२,०१ | १४,३२,०१ | ० | |
| सामान्य सेवा - अन्यत्र वर्गीकृत नभएको | २,५०,०६,१७ | २,५०,०६,१७ | ० | |
| विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | ८,७९,४७,७९ | ४९,२८,७१ | ८,३०,१९,०८ | |
| **सार्वजनिक शान्ति सुरक्षा** | **४२,०५,६३** | **४२,०५,६३** | **०** | **०.६५** |
| न्यायालय | २,२१,४१ | २,२१,४१ | ० | |
| सार्वजनिक शान्ति सुरक्षामा अनुसन्धान तथा विकास | ३९,८४,२२ | ३९,८४,२२ | ० | |
| **आर्थिक मामिला** | **२७,२१,२७,२१** | **२७,२१,२७,२१** | **०** | **४२.१६** |
| सामान्य आर्थिक, व्यापारिक र श्रम मामिला | ४,०८,१० | ४,०८,१० | ० | |
| कृषि, वन , मत्स्यपालन तथा शिकार | ४,६३,१०,१५ | ४,६३,१०,१५ | ० | |
| खानी , उत्पादन तथा निर्माण | २६,३८,७५ | २६,३८,७५ | ० | |
| यातायात | १७,०२,०१,१८ | १७,०२,०१,१८ | ० | |
| संचार | ४,१६,८५ | ४,१६,८५ | ० | |
| अन्य उद्योगहरु | १६,९१,६१ | १६,९१,६१ | ० | |
| अनुसन्धान तथा विकास - आर्थिक मामिला | १४,१३,३९ | १४,१३,३९ | ० | |
| आर्थिक मामिला - अन्यत्र वर्गिकृत नभएको | ४,९०,४७,१८ | ४,९०,४७,१८ | ० | |
| **वातावरण संरक्षण** | **१,९९,६९,७१** | **१,९९,६९,७१** | **०** | **३.०९** |
| फोहोर मैला व्यवस्थापन | ८,०० | ८,०० | ० | |
| ढल व्यवस्थापन | १०,०० | १०,०० | ० | |
| जैविक विविधता र भू-संरक्षण | १,२४,४६,२९ | १,२४,४६,२९ | ० | |
| अनुसन्धान तथा विकास पर्यावरण संरक्षण | ३३,१६,३६ | ३३,१६,३६ | ० | |
| वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | ४१,८९,०६ | ४१,८९,०६ | ० | |
| **आवास तथा सामुदायिक सुविधा** | **९,२४,७३,९४** | **९,२४,७३,९४** | **०** | **१४.३३** |
| आवास विकास | ५,६६,२१,२१ | ५,६६,२१,२१ | ० | |
| खानेपानी | ३,५८,५२,७३ | ३,५८,५२,७३ | ० | |
| **स्वास्थ्य** | **३,२२,५९,५९** | **३,२२,५९,५९** | **०** | **५.००** |
| औषधी उत्पादन,उपकरण तथा औजार | ६,२३,९० | ६,२३,९० | ० | |
| वहिरंङ्ग सेवा | ७,४२,३२ | ७,४२,३२ | ० | |
| अस्पताल सेवा | १,६९,३४,२७ | १,६९,३४,२७ | ० | |
| सार्वजनिक स्वास्थ्य सेवा | १,२९,१४,०० | १,२९,१४,०० | ० | |
| स्वास्थ्यमा अनुसन्धान सेवा | १०,४५,१० | १०,४५,१० | ० | |
| **मनोरंजन,संस्कृति तथा धर्म** | **२७,१४,५०** | **२७,१४,५०** | **०** | **०.४२** |
| मनोरंजनात्मक र खेलकुद सेवाहरु | २७,१४,५० | २७,१४,५० | ० | |
| **शिक्षा** | **३,५८,६५,८४** | **३,५८,६५,८४** | **०** | **५.५६** |
| सीपमूलक | २१,४९,३० | २१,४९,३० | ० | |
| तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | १,११,७०,७३ | १,११,७०,७३ | ० | |
| शिक्षाको लागि सहायक सेवाहरु | १०,०० | १०,०० | ० | |

| शीर्षक | २०८१/८२ को लक्ष्य | | | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | प्रदेश | स्थानीय तह | |
| शिक्षा - अनुसन्धान विकास | ८,८०,०० | ८,८०,०० | ० | |
| शिक्षा - अन्यत्र वर्गिकृत नभएको | २,१६,५५,८१ | २,१६,५५,८१ | ० | |
| **सामाजिक सुरक्षा** | **१,५०,००,००** | **१,५०,००,००** | **०** | २.३२ |
| सामाजिक सुरक्षा - अन्यत्र वर्गिकृत नभएको | १,५०,००,०० | १,५०,००,०० | ० | |
| **कुल जम्मा** | **६४,५४,०४,३१** | **५६,२३,८५,२३** | **८,३०,१९,०८** | **१००** |

# मन्त्रालयगत व्यय अनुमान (वित्तीय व्यवस्था सहित)

## आर्थिक वर्ष २०८१/८२

अनुसूची - ४
(रु.हजारमा)

| निकाय | | कुल जम्मा | प्रदेश | | | स्थानीय तह | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | चालु/पुँजीगत | वित्तीय | | |
| २०२ | प्रदेश व्यवस्थापिका | ३२,५८,४८ | ३२,५८,४८ | ३२,५८,४८ | ० | ० | ०.५० |
| २१० | प्रदेश लोक सेवा आयोग | ११,०१,०५ | ११,०१,०५ | ११,०१,०५ | ० | ० | ०.१७ |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २,२१,४१ | २,२१,४१ | २,२१,४१ | ० | ० | ०.०३ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५०,६४,३७ | ५०,६४,३७ | ५०,६४,३७ | ० | ० | ०.७८ |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २४,०२,०९ | २४,०२,०९ | २४,०२,०९ | ० | ० | ०.३७ |
| ३०७ | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | ७२,८५,०० | ७२,८५,०० | ७२,८५,०० | ० | ० | १.१३ |
| ३१२ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २,६२,३६,४२ | २,६२,३६,४२ | २,६२,३६,४२ | ० | ० | ४.०७ |
| ३१३ | खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय | ६,९३,२८,७७ | ६,९३,२८,७७ | ६,९३,२८,७७ | ० | ० | १०.७४ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४४,०१,०७ | ४४,०१,०७ | ४४,०१,०७ | ० | ० | ०.६८ |
| ३२५ | संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय | २,४६,०२,१६ | २,४६,०२,१६ | २,४६,०२,१६ | ० | ० | ३.८१ |
| ३२९ | वन तथा वातावरण मन्त्रालय | ३,२१,३२,८७ | ३,२१,३२,८७ | ३,२१,३२,८७ | ० | ० | ४.९८ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २२,६४,७२,२९ | २२,६४,७२,२९ | २२,६४,७२,२९ | ० | ० | ३५.०९ |
| ३४३ | युवा तथा खेलकुद मन्त्रालय | ७४,५८,२७ | ७४,५८,२७ | ७४,५८,२७ | ० | ० | १.१६ |
| ३५० | सामाजिक विकास मन्त्रालय | ३,९१,६५,१२ | ३,९१,६५,१२ | ३,९१,६५,१२ | ० | ० | ६.०७ |
| ३७० | स्वास्थ्य मन्त्रालय | ४,०८,०५,०१ | ४,०८,०५,०१ | ४,०८,०५,०१ | ० | ० | ६.३२ |
| ३७१ | श्रम, रोजगार तथा यातायात मन्त्रालय | ९३,९२,३७ | ९३,९२,३७ | ९३,९२,३७ | ० | ० | १.४६ |
| ३९१ | प्रदेश नीति तथा योजना आयोग | ४,३६,४८ | ४,३६,४८ | ४,३६,४८ | ० | ० | ०.०७ |
| ५०१ | वित्तिय व्यवस्था तथा शेयर लगानी | १,५०,००,०० | १,५०,००,०० | ० | १,५०,००,०० | ० | २.३२ |
| ६०२ | अर्थ - विविध | ४,७६,२२,०० | ४,७६,२२,०० | ४,७६,२२,०० | ० | ० | ७.३८ |
| ८०१ | स्थानीय तह | ८,३०,१९,०८ | ० | ० | ० | ८,३०,१९,०८ | १२.८६ |
| | **कुल जम्मा** | **६४,५४,०४,३१** | **५६,२३,८५,२३** | **५४,७३,८५,२३** | **१,५०,००,००** | **८,३०,१९,०८** | **१००** |

# खर्च शीर्षकगत व्यय अनुमान
## आर्थिक वर्ष २०८१/८२

अनुसूची - ५
(रु.हजारमा)

| खर्च संकेत नं. | खर्च शीर्षक | नगद | | कुल जम्मा |
|---|---|---|---|---|
| | | प्रदेश सरकार | संघ अनुदान | |
| **चालु** | | **१९,७०,४०,६८** | **४,१६,७०,००** | **२३,८७,१०,६८** |
| **२११००** | **पारिश्रमिक / सुविधा** | **३,२५,९४,१७** | **४१,८७,६२** | **३,६७,८१,७९** |
| २११११ | पारिश्रमिक कर्मचारी | २,६६,०४,०९ | ३६,४३,७३ | ३,०२,४७,८२ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | १३,६२,५२ | ० | १३,६२,५२ |
| २११२१ | पोशाक | ५,५३,२५ | ४३,७० | ५,९६,९५ |
| २११२२ | खाद्यान्न | ७,८८,३७ | ९६,१२ | ८,८४,४९ |
| २११३१ | स्थानीय भत्ता | ६४,७८ | ९,३७ | ७४,१५ |
| २११३२ | महंगी भत्ता | १२,७१,२० | १,४७,३६ | १४,१८,५६ |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ३,६०,८० | ३७,२० | ३,९८,०० |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १०,८० | ० | १०,८० |
| २११३९ | अन्य भत्ता | ३,५५,२७ | ६७,०४ | ४,२२,३१ |
| २११४१ | पदाधिकारी बैठक भत्ता | १,९५,३० | ० | १,९५,३० |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | १०,२७,७९ | ० | १०,२७,७९ |
| २११४९ | पदाधिकारी अन्य भत्ता | ० | १,४३,१० | १,४३,१० |
| **२१२००** | **कर्मचारीको सामाजिक सुरक्षा खर्च** | **५,२०,९४** | **०** | **५,२०,९४** |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २,८५,२५ | ० | २,८५,२५ |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | २,१९,६० | ० | २,१९,६० |
| २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ६,०९ | ० | ६,०९ |
| २१२२३ | पदाधिकारीको योगदानमा आधारित बीमा कोष खर्च | १०,०० | ० | १०,०० |
| **२२१००** | **सेवा महसुल** | **१४,८३,३१** | **१,४१,२८** | **१६,२४,५९** |
| २२१११ | पानी तथा बिजुली | ९,८०,४६ | १,२९,८८ | ११,१०,३४ |
| २२११२ | संचार महसुल | ५,०२,१५ | ७,४० | ५,०९,५५ |
| २२११३ | सार्वजनिक उपयोगिताको सेवा खर्च | ७० | ४,०० | ४,७० |
| **२२२००** | **पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च** | **४०,७३,९८** | **२,३६,२१** | **४३,१०,१९** |
| २२२११ | इन्धन (पदाधिकारी) | १,५२,२६ | ० | १,५२,२६ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १३,००,२१ | ७७,१५ | १३,७७,३६ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १२,४०,४९ | २७,१६ | १२,६७,६५ |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ३,८४,०५ | ३,५० | ३,८७,५५ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४,०५,४१ | १६,२० | ४,२१,६१ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ४,९६,९२ | १,०२,६० | ५,९९,५२ |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ९४,६४ | ९,६० | १,०४,२४ |
| **२२३००** | **कार्यालय सामान तथा सेवाहरू** | **३५,७८,५४** | **५,८७,६२** | **४१,६६,१६** |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २३,७५,७१ | ५५,८६ | २४,३१,५७ |
| २२३१२ | पशुपंक्षीहरूको आहार | १,०० | ० | १,०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ५५,८५ | ४,०८,९४ | ४,६४,७९ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १,७२,९८ | ३,१० | १,७६,०८ |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ८,९३,५० | ६४,१६ | ९,५७,६६ |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | ७९,५० | ५५,५६ | १,३५,०६ |
| **२२४००** | **सेवा तथा परामर्श खर्च** | **१,०३,९८,६०** | **११,१३,२३** | **१,१५,११,८३** |

| खर्च संकेत नं. | खर्च शीर्षक | नगद | | कुल जम्मा |
|---|---|---|---|---|
| | | प्रदेश सरकार | संघ अनुदान | |
| २२४११ | सेवा र परामर्श खर्च | ७,७३,७२ | २,०६,१० | ९,७९,८२ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १,८२,१३ | २,०० | १,८४,१३ |
| २२४१३ | करार सेवा शुल्क | ९२,२९,८९ | ९,०५,१३ | १,०१,३५,०२ |
| २२४१९ | अन्य सेवा शुल्क | २,१२,८६ | ० | २,१२,८६ |
| **२२५००** | **कार्यक्रम सम्वन्धी खर्चहरू** | **३,८६,१८,००** | **१,६९,२९,५६** | **५,५५,४७,५६** |
| २२५११ | कर्मचारी तालिम खर्च | ४,९२,८९ | ५,८९,६३ | १०,८२,५२ |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५४,६२,०२ | ४,९०,२८ | ५९,५२,३० |
| २२५२१ | उत्पादन सामग्री / सेवा खर्च | ७,७५,९५ | ४,०० | ७,७९,९५ |
| २२५२२ | कार्यक्रम खर्च | ३,०७,२२,१९ | १,५८,४५,६५ | ४,६५,६७,८४ |
| २२५२९ | विविध कार्यक्रम खर्च | ११,६४,९५ | ० | ११,६४,९५ |
| **२२६००** | **अनुगमन,मूल्यांकन र भ्रमण खर्च** | **१५,४२,५८** | **१,१२,२९** | **१६,५४,८७** |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | १२,३०,६२ | ८२,२५ | १३,१२,८७ |
| २२६१२ | भ्रमण खर्च | २,९०,९६ | ३०,०४ | ३,२१,०० |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २१,०० | ० | २१,०० |
| **२२७००** | **विविध खर्च** | **१२,२२,९५** | **२५,५०** | **१२,४८,४५** |
| २२७११ | विविध खर्च | १२,२२,९५ | २५,५० | १२,४८,४५ |
| **२५३००** | **अन्य सहायता** | **१,७०,००** | **०** | **१,७०,००** |
| २५३१४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | १,७०,०० | ० | १,७०,०० |
| **२६३००** | **अन्य तहका सरकारहरूलाई अनुदान** | **६,०७,१२,९४** | **०** | **६,०७,१२,९४** |
